**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं।**
- खुला स्थानमा दिसापिसाब नगरौं ।
- शोचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

epateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ पुस ०९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 24 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ११६

## पर्सा र बारा ६४ जना महिलासहित २१३ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ८ पुस/

पर्साका दुई र बाराको एक स्थानमा गरी शुक्रवार तीन ठाउँमा भएको





रक्तदान कार्यक्रममा ६४ जना महिलासहित २१३ जनाले रक्तदान गरेका



तस्वीरः सौजन्य

छन् ।

नेशनल मेडिकल कलेज, वीरगंजमा रहेको रक्तसञ्चार केन्द्रमा शुक्रवार भएको रक्तदान कार्यक्रममा ५५ जना महिलासहित १६३ जनाले रक्तदान गरेका थिए ।

हिमाल बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा सम्पन्न रक्तदान कार्यक्रमको उद्घाटन कलेजका प्रिन्सिपल डा केएन सिंहले गरेका थिए ।

कार्यक्रममा डा अछुतानन्दलाल दास, डा इसरत जहाँ अन्सारी, डा नुसरत जहाँ अन्सारी, शहनाज अन्सारी, प्रिया मिश्र, रिङ्कु मिश्रलगायतको सहभागिता थियो ।

यसैगरी, समाज परिवर्तन नेपाल, रोटरी क्लब अफ वीरगंज, एशियन लाइफ इन्स्योरेन्स र सानिमा बैंकको आयोजनामा वीरगंजमा भएको रक्तदान कार्यक्रममा चारजना महिलासहित ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका राजन श्रीवास्तवले बताए ।

राजकुमार सोढारी, सिल्की साह, भरत श्रेष्ठ, लक्ष्मण धिताल, सुमित यादवलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, नेपाल बहुराष्ट्रिय कम्पनी मजदूर युनियन सूर्य नेपाल, सिमरा, बाराले आयोजना गरेको रक्तदान कार्यक्रममा पाँचजना महिलासहित सयजनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

युनियनका अध्यक्ष रामपुकार पासवानको अध्यक्षतामा भएको रक्तदान कार्यक्रममा बेनी तिमल्सिना, मुस्तुफा अन्सारी, रामु श्रेष्ठ, उमेश महतो, देवेश कार्की, राकेश झा, सरविन श्रेष्ठ, सन्तोष लामा, अजय दास, केदारप्रसाद काफ्ले, देवेन्द्र सिटौला, गगनदीप चौधरी, अक्षयलाल पटेललगायतले रक्तदान गरेको प्राविधिक प्रमुख पाण्डेले बताए ।

## उज्यालो वीरगंज अभियान दुई वर्षमा बल्ल सकिंदै

प्रस, वीरगंज, ८ पुस/

वीरगंज महानगरपालिकाले ३२ वटै वडामा उज्यालो वीरगंज अन्तर्गत बत्ती



तस्वीरः प्रतीक

जडान गरेको छ । महानगरका विद्युत् शाखाका इन्जिनीयर राजीवकुमार उपाध्यायले टोलटोलका पोल र सडकमा बत्ती जडान कार्य सम्पन्न भएको बताए ।

सङ्घ सरकार र वीरगंज महानगरको ५०/५० प्रतिशत अनुदानमा ३२ वटै वडामा १३ हजारभन्दा बढी चिम जडान गरिएको इन्जिनीयर उपाध्यायले बताए । महानगरपालिकाले यो अभियान २०७७ सालमा शुरू गरेको र अहिले सम्पूर्ण काम सम्पन्न भएको बताएको छ। २०७७ सालमा शुरू भएपछि आधाभन्दा बढी काम सम्पन्न भएको थियो र अहिले बाँकी काम पूरा भएको हो ।

तीन महीनामा चिम, कन्ट्रोल प्यानललगायत उपकरण जडान गर्ने कार्य अन्तिम चरणमा पुगेको र वडाहरू अहिले झिलिमिली भएको महानगरले दाबी गरेको छ। इन्जिनीयर उपाध्यायले अहिले १३ हजार ३९० वटा बत्ती र एक सयभन्दा बढी कन्ट्रोल प्यानल जडान भएको बताए। उनले जडान गरिएका चिम ४०, ६० र १०० वाटका भएको जानकारी गराएका छन् । महानगरका विभिन्न वडाहरूमा शुरूमा जडान भएका बत्ती नबल्ने समस्यालाई अहिले हटाइएको र सो ठाउँमा नयाँ जडान गरिएको उनले बताए ।

उज्यालो वीरगंजको लागि सूर्योदय ऊर्जा, तोप्सन इनर्जी जेभी काठमाडौंले २०७७ सालमा रु २३ करोड ९६ लाख २४ हजारमा ठेक्का सकार गरेर एक वर्षमा काम सम्पन्न गर्ने सम्झौता गरेको थियो । तर तोकिएको समयमा कार्य सम्पन्न नभएको र अहिले मात्र अन्तिम चरणमा पुगेको महानगरले जनाएको छ । महानगरले जडान भएका बत्तीहरूमा समस्या देखिए विद्युत् महाशाखामा सूचित गरेमा समयमा मरम्मत सम्भार गरिने बताएको छ ।

उज्यालो वीरगंज अन्तर्गत केही वडाका मुख्य चोकहरू अहिले पनि अन्धकारमय रहेकोतर्फ महानगरपालिका अनभिज्ञ रहेको वडा नं ११ त्रिमूर्ति चोकका स्थानीय नरेश यादवले बताए ।

## अमरपट्टिबाट १० वटा मोटरसाइकल, २२ वटा एलइडी टिभी सामान बरामद

प्रस, वीरगंज, ८ पुस/

सशस्त्र प्रहरीले विन्ध्यवासिनी गाउँपालिकाको अमरपट्टिबाट भन्सार छलीका सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी १३ नं गणका प्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेतले सशस्त्र प्रहरी बल अमरपट्टिको टोलीले शुक्रवार बिहान १० थान भारतीय नम्बरका मोटरसाइकल, २२ थान एलइडी



तस्वीरः प्रतीक

टिभी, १३ थान मोबाइल र ५० थान साडी बरामद गरेको बताए ।

उनले बिहान ९ बजे सीमावर्ती क्षेत्र भारतबाट भित्र्याइएको सो परिमाणका सामान बरामद भएको र तस्करहरू फरार भएको बताए ।

## इँटाभट्टामा विस्फोट, ६ जनाको मृत्यु

राजेश केशरीवाल, रक्सौल, ८ पुस/

भारत, रामगढवा थाना अन्तर्गत नरिरगिरनजीक इँटाभट्टामा आगो बाल्ने क्रममा विस्फोट हुँदा छजनाको घटनास्थलमैं मृत्यु भएको छ ।

इँटाभट्टा सञ्चालक मो इर्शाद र कामदारहरूको सहयोगमा यस वर्ष भट्टामा पहिलो आगो बाल्नका लागि भोजभतेरको समेत आयोजना गरिएको थियो । सोही कार्यक्रममा भट्टामा आगो बाल्ने क्रममा विस्फोट भएको थियो । विस्फोट हुँदा दर्जनभन्दा बढी मानिस जमीनमुनि भट्टामा धसेका थिए । सोही कारण छजनाको घटनास्थलमैं मृत्यु भएको र दर्जनभन्दा बढी मानिस घाइते भएको स्थानीय स्रोतले जनाएको छ। मृत्यु हुनेमा भट्टा सञ्चालक मो इर्शादसहित छजना छन् भने नुरूल हक, अमरेश कुमार, मुकेश राम, आलमगिर, अब्दुल हक, अजय कुमार, राकेश कुमारलगायत गम्भीर अवस्थामा आइसियूमा छन्।

घटनामा घाइते भएकाहरूको उपचार रक्सौल एसआरपी अस्पताल र रामगढवास्थित स्थानीय अस्पतालमा भइरहेको छ ।

उद्धार कार्यका लागि एसडिआरएफको टोलीलाई परिचालित गरिएको विधायक प्रमोद सिन्हाले जानकारी गराए ।

भट्टामा ५० देखि ६० जना कामदार काम गरिरहेको प्रारम्भिक अनुसन्धानबाट



उपचारका लागि अस्पताल पुगेका घाइतेहरू । तस्वीरः प्रतीक

खुलेको छ। घाइतेको सङ्ख्या अझ बढी हुन सक्ने एसआरपी अस्पतालका डा सुजीत कुमारले बताए ।

## जेसीज महाधिवेशनले वीरगंजका होटल व्यवसायीलाई राहत

प्रस, वीरगंज, ८ पुस/

नेपाल जेसीजको ४९औं राष्ट्रिय अधिवेशनका कारण वीरगंजका होटलहरू





घण्टाघरमा जेसीजको प्रभातफेरी कार्यक्रममा स्वागत गर्दै अध्यक्ष पन्तलगायत होटल व्यवसायीहरू । तस्वीरः सौजन्य

भरिभराउ भएका छन्। पुस ७ देखि ९ गतेसम्म भइरहेको नेपाल जेसीजको राष्ट्रिय अधिवेशनमा देशभरबाट सहभागी हुन आएका जेसीज सदस्यहरूका कारण वीरगंजका होटलहरू भरिभराउ भएका हुन् ।

भर्खरै होटल व्यवसायमा लगानी गरेका दिलीपराज कार्कीले कोरोनाको कारण थलिएको यहाँको होटल व्यवसाय नेपाल जेसीजको अधिवेशनका कारण जुर्मुराएको बताए । उनले जेसीजको अधिवेशन शुरू हुनुभन्दा एक दिन अघिदेखि नै वीरगंजका होटलहरू भरिभराउ भएको बताए । अहिले वीरगंजका अधिकांश होटलमा जेसीजका पदाधिकारी बसेका कारण होटल व्यवसायीहरूलाई भ्याइनभ्याइ भएको बताए। उनले यस प्रकारका कार्यक्रमले होटल व्यवसायीहरूलाई टेवा पुग्ने बताए। उनले भने, मीठो आतिथ्यता पस्केर जेसीज पदाधिकारीहरूको मन जित्ने प्रयास गरिरहेका छौं ।

यसैबीच, जेसीजका राष्ट्रिय अध्यक्षसहितको पदाधिकारीहरूले घण्टाघरबाट निकालेको प्रभातफेरी कार्यक्रममा पुगेर होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साले उनीहरूलाई फूलमालासहित स्वागत गरेको छ । सङ्घका अध्यक्ष हरि पन्तले नेपाल जेसीजको राष्ट्रिय अधिवेशनको लागि वीरगंजलाई रोजेकोमा राष्ट्रिय अध्यक्षप्रति आभार प्रकट गरे । उनले अधिवेशनको पूर्ण सफलताको कामना पनि गरे ।

## राधेकृपा अपार्टमेन्ट अन्तिम चरणमा, अढाइदेखि सवा चार करोडको फ्ल्याट

प्रस, परवानीपुर, ८ पुस/

वीरगंजमा निर्माण भएका



तस्वीरः प्रतीक

अहिलेसम्मकै सबैभन्दा अग्लो र सुविधासम्पन्न अपार्टमेन्टको रूपमा निर्माण भइरहेको राधेकृपा अपार्टमेन्ट एन्ड हाउजिङ प्रालिको काम लगभग अन्तिम चरणमा पुगेको छ ।

अपार्टमेन्ट सञ्चालकमध्ये एकजना प्रभात रूँगटाका अनुसार ९७ प्रतिशत काम सम्पन्न भएको र फिनिसिङको कामको लागि तीन प्रतिशत बाँकी रहेको बताए । उनले होलीपछि अपार्टमेन्ट सञ्चालनमा ल्याउने तयारी भएको बताए। १९ महीनाअगाडि वीरगंज-३ स्वीमिङपुलनजीकै ११ कट्ठा जग्गामा भुइँतला एवं १२ तला गरी १३ तले अपार्टमेन्टको काम शुरू भएको थियो । मधेस प्रदेशकै सबैभन्दा ठूलो अपार्टमेन्ट भएको सञ्चालकहरूले दाबी गरेका छन्।

अपार्टमेन्टमा कुल ४६ वटा फ्ल्याटमध्ये ११ वटा बूकिङ भइसकेको उनले बताए। कुल ४६ वटा फ्ल्याटमध्ये अढाई करोड पर्ने तीन बिएचकेको २६ वटा र तीन करोड ७० लाख पर्ने चार बिएचकेको ११ वटा र सवा चार करोड पर्ने पाँच बिएचकेको नौवटा फ्ल्याट रहेका छन् । बिएचके भन्नाले बेडरूम, हल, किचेन बुझिन्छ । चार बिएचके भन्दा चारवटा कोठा, हल र किचेन हुन्छन् ।

वीरगंजका सातजना व्यवसायीको संयुक्त लगानीमा यो अपार्टमेन्ट निर्माण भइरहेको हो। यसको निर्माणमा करीब एक अर्ब १० करोडको लगानी रहेको बताइएको छ। लगानीकर्ताहरूमा मारुती फर्मास्युटिकल्सका सञ्चालक प्रभात रूँगटा, अमित अग्रवाल, मनीष अग्रवाल, प्रेम जाटिया, सचिन खण्डेलवाल, पशुपति खण्डेलवाल, रोहित चाचानको लगानी रहेको बताइएको छ । यो सँगसँगै वीरगंजमा करीब आधा दर्जन अपार्टमेन्ट सञ्चालनमा आउनेछन् ।

वीरगंजमा पहिलो अपार्टमेन्ट प्रसन्न अपार्टमेन्ट, त्यसपछि त्रिवेणी गोपाल अपार्टमेन्ट, गणेश अपार्टमेन्ट, शालिमार अपार्टमेन्टलगायत अरू अपार्टमेन्टहरू पनि निर्माणाधीन अवस्थामा छन् ।

### विचारसार र सूक्तिहरू

**चेतनात्मक सृजनको मूल्याङ्कन हुन सक्दैन । मनुष्य आफैंमा अद्भुत हुन्छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

## म्याद गुज्रिएको खोप

**सिराहाका विद्यार्थीलाई म्याद गुज्रिएको खोप लगाइएपछि विवाद भएको छ। जिल्लाका विभिन्न पाँचवटा पालिकास्थित विद्यालयका १२ वर्षदेखि माथि उमेरका विद्यार्थीलाई यही पुस ५ देखि ७ गतेसम्म फाइजर खोप लगाउने अभियान थियो । लक्षितमध्ये केही विद्यार्थीले खोप लगाए भने केहीले म्याद गुज्रिएको देखेपछि लगाउन अस्वीकार गरे । खोपको उपभोग्य मिति नोभेम्बर २०२२ अर्थात् १४ मङ्सिर २०७९ सम्म मात्रै थियो । अतः उपभोगयोग्य म्याद गुज्रिएको २० दिन बितिसकेपछि खोप उपयोगमा ल्याउन थालियो। उपभोग्य मिति नहेरी खोप लगाएका बालबालिका र उनीहरूका परिवारजन यतिबेला तनावमा छन्। कतिपयले म्याद गुज्रिएको थाहा पाएर पनि खोप टोलीको विश्वासमा खोप लिएका पनि पाइएको छ । स्वास्थ्य मन्त्रालयमा बसेको विज्ञ टोलीको बैठकले म्याद गुज्रिएको फाइजर खोप अझै तीन महीनासम्म लगाउन सकिने निष्कर्ष निकालेको र सोही बेहोराको पत्र आफूहरूलाई प्राप्त भएपछि खोप लगाउन थालिएको खोप टोलीको स्पष्टोक्ति छ । म्याद गुज्रिएको १० दिनपछि २० हजार डोज फाइजर खोप जनस्वास्थ्य कार्यालय, सिराहाले बुझिलिएर त्यसको १० दिनपछि खोप अभियान शुरू गरेको टोलीले नै स्वीकार गरिसकेको छ ।**

**हाम्रो मुलुकमा कोभिड–१९ विरुद्ध कोभिशिल्ड, भेरोसेल, मोडर्ना, अस्ट्राजेनिका, फाइजर र जोनसोन एन्ड जोनसोनको खोप चलाइएको छ। उक्त खोपहरूमध्ये भण्डारणको हिसाबले मोडर्ना र फाइजर खोप अरूभन्दा बढी संवेदनशील खोप हो। भण्डारण र प्रयोगमा मापदण्ड पूरा गर्न नसके लेखिएकोभन्दा पहिले नै पनि यसको म्याद गुज्रिन अर्थात् गुणस्तर घटेको हुन सक्छ । अफ्रिकी मुलुक नाइजेरियाले म्याद सकिएका अस्ट्राजेनिका खोपको १० लाख ६० हजार डोज हालै नष्ट गर्‍यो । त्यसैगरी, सेनेगलले म्याद सकिएका कोभिड–१९ खोपको चार लाख मात्रा नष्ट गरेको विश्व स्वास्थ्य सङ्गठनको रेकर्डमा उल्लेख छ। उता मलावीले २० हजार मात्रा खोप नष्ट गरेको छ भने गत वर्ष युरोपबाट लगेको १३ लाख खोपको मात्रा म्याद सकिन लागेको भन्दै कङ्गोले फिर्ता पठाएको थियो। हाम्रो छिमेकी मुलुक भारतको खोप उत्पादन कम्पनी ‘सेरम’ले पनि दुई महीनाअघि म्याद गुज्रिन लागेको १० करोड खोपको मात्रा नष्ट गरेको छ। पछिल्लोपटक डब्ल्यूएचओले मापदण्ड पूरा गरी राखिएका फाइजर खोप म्याद गुज्रिएको तीन महिनापछिसम्म प्रयोग गर्न मिल्ने जनाएको हो ।**

**कोभिड–१९ सँग सम्बन्धित उपचार तथा मुद्दाहरूमा डब्ल्यूएचओसँग धेरै मुलुक तथा विज्ञहरूको मत बाझिँदै आएको छ। हामीले भने स्वीकार गरिदिनुपर्ने हाम्रा केही बाध्यताहरू छन् । डब्ल्यूएचओको जानकारी नेपाल सरकारको लागि ‘बाँदरलाई लिस्नु’ भएको छ । खोपको म्याद सकिउन्जेल प्रयोगमा ल्याउन नसक्नु सरकारको घोर अकर्मण्यता हो । कोभिडविरुद्ध खोपको पूर्ण मात्रा लगाइसकेपछि पनि बुस्टर डोज लगाइन्छ । हाम्रो मुलुकमा भने एक डोज पनि खोप नलगाएका व्यक्तिहरू उल्लेख्य मात्रामा छन् । एक डोज लगाएका वा पूर्ण खोप नलगाइसकेकाहरूको सङ्ख्या एक करोडभन्दा बढी छ । फेरि पनि खोप अभियानलाई तदारूकताका साथ सञ्चालन गरिएको छैन। गत वर्ष पनि म्याद अन्तिम अवस्थामा पुगेको खोप ठूलो मात्रामा प्रयोग गरियो । खोप नष्ट गरौं भने निकम्मापन छताछुल्ल होला, [redacted] भन्ने डर सरकारलाई छ ।**

# समाजवादमुखी होइन भ्रष्टतन्त्रमुखी हो यो गणतन्त्र

स्वतन्त्र विचार

बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**वास्तवमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामक व्यवस्था छ भन्ने कुरा हाम्रो भ्रम हो । साथै यसमा दलाल पूँजीवादी व्यवस्थाको गहिरो षडचन्त्र पनि छ । यतिबेला दलाल पूँजीवादीसँग हाम्रा नेताहरूले आफूलाई बेचेका छन्, जुन कुरा हामीले बुझ्नुपर्छ ।**

कुनै पनि बुबाआमालाई आफ्नो सन्तान राम्रो, सदाचारी, व्यवहार कुशल, जिम्मेवार, सेवाभावले ओतप्रोत, इमानदार होस् भन्ने हार्दिक इच्छा रहन्छ। तर प्रायः अभिभावक सन्तानको व्यवहारबाट खुशी कम दुःखी बढी देखिन्छन् । भनिन्छ, यो कलियुग हो । कलिको प्रभावले सन्तान मात्रै होइन सम्पूर्ण संसार नै बिग्रेको हो रे ! किन बिग्रेका हुन् सबै तह–तप्का ? आउनुस्, यसबारे थोरै छलफल गरौं ।

आजको यस आधुनिक युगमा कुनै पनि व्यक्ति, परिवार, समाज वा देशको विकास हुनुको प्रमुख भूमिका त्यस देशको शिक्षा र स्वास्थ्यलाई दिने गरिन्छ । शिक्षित नागरिकहरूले आफ्नो अधिकार मात्रै खोज्दैनन्, अपितु आफ्नो कर्तव्यबारे पनि पूर्ण सचेत हुन्छन् । यसको ठीकविपरीत अशिक्षित नागरिकहरू आफ्नो कर्तव्य के हो, त्यो पनि थाहा पाउँदैनन् भने अधिकारबारे झन् केही पनि ज्ञान नै हुँदैन । नेपालमा शिक्षाको स्तर सार्‍है न्यूनतातिर तीव्र गतिले अगाडि बढिरहेको छ। यसको मतलब सामुदायिक तथा निजी विद्यालयहरूमा गरिने पठनपाठनमा सिकाइ उपलब्धि न्यून छ। शैक्षिक गुणस्तरको यो एउटा पाटो हो। यसको अर्को पाटो के पनि हो भने नेपालका कथित शिक्षितहरूको शैक्षिक, नैतिक तथा मानवीय स्तरको अवस्था विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि जस्तै न्यून रहेको देखिन्छ। यो अवस्था नेपालको चौतर्फी विकासको गोरेटोमा सर्वाधिक रोकावटको कारण बनेको छ ।

विद्यालयभित्र अध्यापन गराउने शिक्षकहरू तथा विश्वविद्यालयभित्र अध्यापन गराउने प्राध्यापकहरूको नैतिक स्तर के छ ? नेपाल सरकारको कानूनमा स्पष्ट प्रावधान छ, त्रिभुवन विश्वविद्यालय वा सामुदायिक विद्यालयका प्राध्यापक तथा शिक्षक अन्यत्र कुनै पनि शैक्षिक संस्थानमा अध्यापनको कार्य गर्न नपाउने। यस नियमको पालना व्यवहारमा कति भएको छ ? राज्यको यस्तो सचेत तथा शिक्षित वर्ग नै कानूनको उल्लङ्घन गर्न मरिमेटेर लागेपछि त्यो देशको विकास कसरी होला ?

कुनै पनि कामको एउटा मापदण्ड हुन्छ । त्यो मापदण्ड पूरा नगरेपछि सम्बन्धित व्यक्ति दोषी ठहरिन्छ र उसले सोबापत पाउने पैसा मात्र नपाउने होइन, त्यसबाट हुन गएको क्षतिसमेतको पूर्ति गर्न उसले दण्डसजाय भोग्नुपर्छ। मानौं हामीले खेत जोत्न दुईजना हली वा ट्याक्टरसहितको चालक राखेका छौं । ट्याक्टरमा इन्धन पनि खर्च भएको छ तर ट्याक्टरले जोत्नुपर्ने जमीनको दश प्रतिशत मात्रै उसले जोतेको छ। कुरो बुझ्दा ऊ त्यही समयमा अरू मानिसको खेत जोत्न गएकोले इन्धन त सकियो तर दिइएको काम सकेको छैन । यस्तोमा कुनै पनि कृषकले उक्त चालकलाई ज्याला दिन्छ ? वा ज्याला मात्रै नदिएर छोडिदिन्छ कि थप कारबाई पनि गर्छ ।

हिजोआज हाम्रा शैक्षिक संस्थाहरूको अवस्था यस्तै छ। हामी वर्षभरि पढाउँछौं तर नानीबाबुहरूमा न्यूनतम विषयगतरूपमा बीस प्रतिशत पनि सिकाइ भइरहेको छैन। तर यसको लागि कोही दोषी छैन। सरोकारवाला शिक्षक तथा नियमनकारी निकायहरू सबैले आफ्नो निर्धारित तलब मात्र बुझेका छैनन्, बरु भत्तासमेत खाएका छन्। यस्तो दुरवस्था शिक्षाको एकाएक भएको हो भन्ने पनि होइन, दशकौंदेखि यहाँ यस्तै चलिरहेको छ । भन्न गार्‍हो छ, अझै कति दशक यस्तै चलिरहन्छ ।

पर्वते भाषामा एउटा उखान छ– ‘छोरी कुटी बुहारी तर्साउने ।’ अर्थात् शिक्षाको गुणस्तर बढाउन वा जाँच्न बडो गजबको काइदा हाम्रा शासक प्रशासकहरूले आविष्कार गरेका छन् । एसइई वा त्रिभुवन विश्वविद्यालयको वा विद्यालयको आन्तरिक परीक्षा प्रथम, द्वितीय, त्रैमासिकहरू। यी परीक्षाहरूमा कक्षाकोठाभित्र निकै कडाइ गरिन्छ । विद्यार्थीलाई दायाँ–बायाँ हल्लिन पनि दिइँदैन। यदि हल्लियो भने त्यहाँ परीक्षार्थी मात्र होइन, कार्यरत निरीक्षकसमेत निष्कासित हुन्छन् । कतिपय अवस्थामा परीक्षाका केन्द्राध्यक्षसमेत निष्कासित हुन्छन् र समाचारमाध्यमहरूमा यसलाई बडो सानले प्रमुखताका साथ प्रसारित गरिन्छ । आजको परीक्षामा यतिजना परीक्षार्थी, निरीक्षक, केन्द्राध्यक्ष निष्कासित भए । सम्भवतः यसलाई नै भन्ने गरिन्छ, गुणस्तरीय परीक्षा तथा शिक्षा ।

वास्तवमा नियमनकारी निकायले कहिले पनि प्रत्येक तहको परीक्षामा अत्यन्तै थोरै परीक्षार्थी किन उत्तीर्ण भएका हुन्, त्यसको गहिरो अध्ययन अवलोकन गरेर देखिएका त्रुटि सच्याएर दोषीलाई कारबाई गर्ने प्रक्रिया ऐनमा व्यवस्था भएपनि त्यसतर्फ आजसम्म ठोसरूपमा कुनै कदम वा प्रक्रिया नै चालेको छैन । विद्यार्थीलाई पढाउनुपर्ने पाठ्यक्रम सकिएको छ वा छैन, शिक्षकले पढाउँदा विद्यार्थीहरूले बुझेका छन् वा छैनन् भनी अनुगमनसमेत कुनै तहमा भएका गरेका पाइँदैनन् । यस्ता विषय कहिले पनि कसैको लागि खोजीको विषय नै हुँदैन। किनभने देशको सम्पूर्ण निकाय अतिरिक्त आम्दानी गर्न अर्थात् भ्रष्टाचारमा लिप्त भएका छन् । अनि विद्यालयमा कोही पढाएको जस्तो मात्रै गरेर घण्टी बिताउँछ, उसलाई विद्यार्थीले बुझ्यो–बुझेनसँग कुनै मतलब नै हुँदैन । त्यसैगरी, कोही हाजिर गरेर तलब खाइरहेको हुन्छ । ऊ विद्यालय आउनु भनेको हाजिर गर्ने मात्र हो। उसले गर्ने काम भनेको विद्यार्थी पोशाकमा छन् कि छैनन्, शुल्क तिरेका छन् कि छैनन्, उसको गेटअप ठीक छ कि छैन, त्यति मात्र हेर्ने। कसैले पोशाक लगाएको छैन भने त्यसलाई रामधुलाइ गर्ने। विद्यार्थी विद्यालय समयमा चौरमा देखिनुहुन्न । प्रत्येक दिन घण्टी खाली गए पनि त्यहाँ शिक्षकको व्यवस्था गर्ने कुनै निकाय नै छैन ।

यसरी कुल मिलाएर विश्वविद्यालय तथा विद्यालयभित्र अध्ययन–अध्यापन चौपट्ट छ भन्दा फरक नपर्ला। अब राम्रो श्रेणी (ग्रेड)ले उत्तीर्ण गरी देशको विकासको कर्णधार बनेका चिकित्सक, इन्जिनीयर तथा विभिन्न सेवा कार्यालयमा लागेका निजामती, सङ्घसंस्थानका कर्मचारीहरू कतिका गुणस्तरयुक्त छन् ?

हामी सबैले बुझेकै कुरा हो विनाघूस कुनै पनि कार्यालयमा कुनै काम गर्न, गराउन सकिँदैन । घूसको बजार कति चर्को छ भने प्रत्येक दिन कर्मचारी रङ्गेहात अख्तियारद्वारा समातिन्छन् तर पनि घूसको खेती मौलाउँदो अवस्थामा छ । एउटा सुब्बा, खरिदार, अधिकृतस्तरको कर्मचारीसँग अकुत सम्पत्ति कहाँबाट आयो ? यो सोधखोज गर्ने निकाय प्रायः सुतेको देखिन्छ। कहिलेकाहीं मात्रै यिनीहरू जागेको जस्तो देखिन्छन् तर परिणाम सानो माछामा सीमित रहँदै आएको छ। जबकि ती निकायका आफ्नै कर्मचारी रङ्गेहात घूस लिएको समाचार पटक–पटक आउँदा घूसको अवस्था यत्तिकै बुझ्न सकिन्छ । ३३ अर्ब कर नतिर्ने एनसेल, नौ अर्बको बूढीगण्डकी काण्ड, छ अर्बको वाइडबडी जहाज, ठेकेदार पप्पुको भ्रष्टाचार, ३३ किलो सुन, बालुवाटारको जग्गा प्रकरणलगायतका भ्रष्टाचार यतिबेला समाचार बन्नै छाडेका छन्। यतिमात्रै होइन, शौचालयमा प्रयोग हुने चप्पल लगाएर केही दशकअगाडि काठमाडौं छिरेका नेताहरूसँग अहिले अकुत सम्पत्ति कहाँबाट आयो ? यसको खोजी गर्ने न त पत्रकार छ, न अख्तियार।

सारमा कुरा गर्दा हामीजस्तो पैसा हेर्दा महादेवको पनि तेस्रो नेत्र खुल्ने देवताका भक्तहरूको इमान, धर्म, कर्म सबै पैसाको लागि मात्रै रहेकाले हाम्रो निजी नैतिकताको स्तर पखाल्ने कानूनको जबसम्म भेदभावरहित ढङ्गले कार्यान्वयन गरिँदैन, तबसम्म ठूलालाई चैन, सानालाई ऐनको परिधिमा देशको विकास नारा र नीति भ्रष्टाचारको चास्नीमैं रमाइरहन्छ र पनि हामी किन भन्दैछौं– विधिको शासन छ देशमा... ।

वास्तवमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नामक व्यवस्था छ भन्ने कुरा हाम्रो भ्रम हो। साथै यसमा दलाल पूँजीवादी व्यवस्थाको गहिरो षडचन्त्र पनि छ । यतिबेला दलाल पूँजीवादीसँग हाम्रा नेताहरूले आफूलाई बेचेका छन्, जुन कुरा हामीले बुझ्नुपर्छ। शुरूमा अमेरिकीहरूको एमसिसी परियोजना कुनै हालतमा पास गर्न दिनेछैनौं भन्नेहरू कसरी रातारात नाटक मञ्चन गरेर सबैले एकमतले पास गरे ? वर्तमानको राजनीतिक व्यवस्थाबारे मैथलीमा एउटा उखान छ– ‘माई माइरकऽगाई पोसे’ अर्थात् आमालाई मारेर गाईलाई पाल्ने जस्तै हो। आफ्नो देशको सम्पूर्ण उत्पादन बन्द गरेर सबै तहको नैतिकता पद पैसाको लागि लिलाम गरेर विदेशी शक्तिराष्ट्रहरूको व्यापार बढाउने नीति तर्जुमा गरी माथिल्लो तप्का कमिशनले मालामाल हुने तथा जनतालाई विदेशीको दैलो चहार्न बाध्यता सिर्जना गरेर निश्शुल्क भिसा निश्शुल्क टिकट बाँड्ने ठूलो प्रपञ्च रचिएको छ। त्यही विप्रेषणले मौजमस्ती गर्न पल्केका नेताहरू र दलहरू मिलेर वर्तमानको दलाल पूँजीवादी व्यवस्था जोगाउन आवधिक निर्वाचन जस्तो ललिपप लिएर भ्रम छर्न अहिलेसम्म सफल भए तापनि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक सुरक्षा जस्ता आधारभूत नैसर्गिक कुराहरूमा समेत आमनागरिकको पहुँच हुन सकेको छैन । तर पूँजीवादी दलालहरूले दिनरात विकास र समृद्धिको कुरा गरी थाकिरहेका छैनन् । जबकि सङ्घीय लोकतान्त्रिक गणातन्त्र समाजवादमुखी भन्दा पनि भ्रष्टतन्त्रमुखी भएको छ ।

# ‘बेटी पढाऊ बेटी बचाऊ अभियान’ अन्तर्गत सचेतना कार्यक्रम

प्रस, जनकपुरधाम, ८ पुस/

‘मुख्यमन्त्री बेटी पढाऊ बेटी बचाऊ’ अभियान अन्तर्गत मधेस प्रदेशका दलित तथा सीमान्तकृत बस्तीहरूमा छोरी शिक्षा बीमा जागरूक सचेतना कार्यक्रम शुरू भएको छ ।

प्रदेशस्थित आठवटै जिल्लाका दलित तथा सीमान्तकृत बस्तीमा सचेतना कार्यक्रम शुरू भएको मधेस प्रदेशको सामाजिक विकास मन्त्रालयले शुक्रवार जानकारी गराएको हो । युरोपियन युनियन र युनिसेफको साझेदारी रहने उक्त कार्यक्रम पहिलो चरणमा सचेतना कार्यक्रमहरू तय भएको मधेस प्रदेश शिक्षा विकास निर्देशनालयका निर्देशक चूडामणि फुँयालले जानकारी दिए ।

मधेसका छोरीहरू अझै पनि शिक्षाको पहुँचमा पुग्न नसकेको हुँदा सचेतना कार्यक्रम अपरिहार्य रहेको उनले बताए । बालविवाहका कारण छोरीहरूले विभिन्न शारीरिक तथा मानसिक समस्या झेल्नुपरेको अवस्थालाई ध्यानमा राखेर कार्यक्रम ल्याएको निर्देशक फुँयालको भनाइ छ। “यो अभियानले छोरीहरूको शिक्षामा पहुँच बढाउँदै उनीहरूलाई आर्थिकरूपमा आत्मनिर्भर बन्न मदत पुर्‍याउँछ ।”

मधेसको सामाजिक विकास मन्त्रालयले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ आएसँगै २०७८ माघ १ गतेपछि जन्मेका छोरीहरूलाई लक्षित गरी ‘छोरी शिक्षा बीमा/मुद्दती बचत’ कार्यक्रम ल्याएको हो ।

सो कार्यत्रम अन्तर्गत बीमा गरेलगत्तै ३७ हजार ५५७ रुपैयाँ बालिकाको खातामा जम्मा हुनेछ । बीमित बालिकाको २० वर्ष उमेर पुगेपछि तीन लाख रुपैयाँ नगद पाउनेछन् ।

यो रकम पाउनका लागि बीमित बालिकाले एसइई पास गरेको र २० वर्षसम्म बिहे नगरेको हुनुपर्नेछ । मन्त्रालयका अनुसार बीमित बालिकाको अकालमैं मृत्यु भएको खण्डमा मृत्यु भएको सालसम्म साँवा, ब्याज जम्मा भएको रकम बीमितको परिवारले पाउने युनिसेफ नेपालका सामाजिक नीति अधिकृत चिजा भण्डारीले बताइन् ।

# गोली प्रहारबाट एकजनाको मृत्यु

प्रस, सिम्रौनगढ, ८ पुस/

बारा, महागढीमाई नगरपालिका–२ भुतही पुलनजीक चियापसलमा गोली प्रहारबाट एकजनाको हत्या भएको छ ।

गोली प्रहारबाट मृत्यु हुनेमा भारत, छौडादानो निवासी शिवपूजनप्रसाद यादव रहेका छन् ।

अज्ञात समूहबाट गोली प्रहार गरी घाइते बनेका यादवलाई उपचारका लागि एलएस न्यूरो अस्पताल, वीरगंज लगिएको थियो ।

उनको उपचारको क्रममा मृत्यु भएको अस्पताल स्रोतले जानकारी गरायो ।



तस्वीरः प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# वाटिका

वर्ष ३६ | २०७९ पुस ०९ गते शनिवार | 2022 December 24 Saturday



## गौतम बुद्धको सुखमय जीवन


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


आफूले सोचेको जस्तो बाँच्न पाएको जीवन नै सुखी हुन्छ । हुनत अरूको नजरमा जीवनको मूल्याङ्कन गर्ने परिपाटी छ। जीवनलाई कसरी सुखमय बनाउने र जीवनलाई कसरी सुखानुभूतिपूर्ण बाँच्नयोग्य बनाउने भन्ने विषयवस्तु नै फरक हुन्। फरक तरीकाले बाँच्नु पनि जीवन हो ।

जीवनको समय धेरै लामो हुँदैन तर जति हुन्छ, त्यत्तिलाई कसरी गुणस्तरीय बनाएर बाँच्ने भन्ने कुरो स्वयम् व्यक्तिमा निर्भर हुन्छ। कसलाई के कुराले सुखी राख्छ र कसलाई के कुराले दुःखी बनाउँछ भन्ने कुरा पनि व्यक्तिमा नै निर्भर रहन्छ। एउटै कुरो कसैलाई त्याग हुन सक्छ भने कसैलाई प्राप्ति हुन सक्छ। एउटै कुरोको विश्लेषण गर्ने दृष्टिकोण पनि फरक हुन सक्छ। भगवान् गौतम बुद्धको जीवनलाई पनि विश्लेषण गर्नेको आधारमा सुखमय वा दुःखमय बनाएको पाइन्छ। तर सबैले सुखमय भन्ने गरेको जस्तो भगवान् गौतम बुद्धले जीवन बाँच्न पाएका थिए कि थिएनन् ? यही जिज्ञासाको खोजीमा यो आलेख तयार हुन पुगेको छ।

बाल्यकालदेखि नै गम्भीर प्रकृतिका र चिन्तनशील स्वभावका सिद्धार्थ गौतमले गृहत्यागको सुख प्राप्त गर्नुभन्दा पूर्वसम्म हामी सर्वसाधारणले भन्ने गरेको सुखमय जीवन व्यतीत गरेका थिए । हामी सर्वसाधारणले भन्ने गरेको सुखमय जीवन भन्नुको अर्थ हो कि खासै कुनै बाधा व्यवधान नभई आनन्दले दिन कटाउनु।

सिद्धार्थ गौतम राजाका छोरा थिए। राजा शुद्धोधनले असित मुनिको भविष्यवाणीलाई चाहेर पनि बिर्सिन सकेका थिएनन् । कुनै पनि हालतमा सिद्धार्थलाई महाराजा बनाउन चाहन्थे । असित मुनिको भविष्यवाणी थियो- या त सम्राट बन्छ, या त योगी। कुनै पनि हालतमा योगी नबनोस् भन्ने चाहना थियो पिता शुद्धोधनको।

जब यशोधराको स्वयंवरमा उपस्थित राजकुमार तथा सामन्त राजपुत्रहरूको बीचमा कुनै प्रतिस्पर्धा नै नगराइ राजकुमारी यशोधराले सिद्धार्थ गौतमलाई मन पराइन्, तब विरोध भयो। स्वयंवरमा त कुनै प्रतिस्पर्धा हुनुपर्ने सामान्य नियम हो। स्वयंवर नै नगराएर यत्तिकै विवाह गरेको भए हुन्थ्यो । स्वयंवर बोलाएर अनि यत्तिकै कसैलाई वरण गर्नु भनेको कतिपय राज्यका राजा, राजकुमार, करद राज्यका प्रमुख, उत्तराधिकारी तथा सामन्त, मन्त्री र राज्यका अन्य गन्यमान्य पुरोहित, मन्त्रीहरू सिद्धार्थको अन्तर्मुखी व्यक्तित्वभित्र लुकेको विराट प्रतिभालाई देखेर आश्चर्यचकित भएका थिए। आफ्नै आँखाले नदेखेका भए कसैले भनेको भरमा सिद्धार्थको प्रदर्शनबारे सम्भवतः कसैले पत्याउँदैनथे । अचम्भित र विस्मित भएपछि यशोधराको चयनमाथि कसैले दोहोऱ्याएर प्रश्न गर्ने साहस गर्न सकेनन् वा सबै उम्मेदवार पराजित भए । यशोधरा विजयी भइन्। सिद्धार्थ गौतमले यशोधरालाई विजयको उत्साह दिए । यशोधरा र सिद्धार्थको विवाहले सबैभन्दा



बाँकीको अपमान गर्नु हो भन्ने अर्थ्याइएपछि धनुर्विद्याको परीक्षण गर्ने निष्कर्षमा पुगेर प्रतिस्पर्धाको आयोजन हुन्छ। पहिले त सिद्धार्थ यस प्रतिस्पर्धामा भाग लिन चाहँदैनन् तर सारथिले सम्झाउँदै भन्दछन्- तपाईंको चित्त महान् छ तर यशोधराको सम्मानको कुरा पनि त छ। सबैको बीचमा तपाईंलाई वरण गर्न चाहेकी यशोधराको मन कस्तो हुन्छ, जब तपाई धनुर्विद्याको प्रतिस्पर्धामा सहभागी बन्नुहुन्न ।


सिद्धार्थ उत्तम साबित भए । शारीरिक बलमा पनि सिद्धार्थ कमजोर छँदै थिएनन्। विवाहको समयमा दुनियाँले सिद्धार्थको बुद्धि, शारीरिक बल तथा धनुबाण चलाउने र अन्य हतियारकला देख्न पाए । प्रतिभाविहीन भनी ठानेका बढी खुशी पिता शुद्धोधन र यशोधरा थिए ।

विवाहोपरान्त जीवनलाई अझ बढी सुखमय बनाउन सिद्धार्थका पिता शुद्धोधनले सबै प्रयत्न गरे। अनेक सेविका तथा गणिका नियुक्त गरे । निरन्तर गीत, नृत्य तथा मनोरञ्जनका अन्य व्यवस्थापन गरे । साथै गर्मी, वर्षा र जाडोका लागि अलग-अलग सुविधायुक्त भवन नै बनाउन लगाए। वसन्त ऋतुको लागि बनाइएको विशेष भवनको नाम रम्या, ग्रीष्म ऋतुको लागि बनाइएको विशेष महलको नाम सुरम्या र वर्षा ऋतुको लागि बनाइएको विशेष भवनको नाम सुधा थियो। ऋतु अनुसारको सुविधा तथा सुख र आनन्दको अनुभूति हुने

(बाँकी पाँचौं पातामा)

## दी अमेरिकन लाइफ (१४)


धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com


**ग्रिटरको व्यवस्था**

पसल वा खुद्रा बिक्री भण्डारमा प्रवेश गर्ने ग्राहकहरूलाई स्वागत गर्ने तथा अभिवादनका शब्दहरू भन्ने एवं पसलबाट सामानहरू खरीद गरेर पसलबाहिर निस्किने ग्राहकहरूलाई बिदाइका लागि भनिने शब्दहरू भनेर बिदाइ गर्ने अमेरिकी चलन पनि आफैंमा एक उल्लेखनीय परम्पराको रूपमा रहेको छ। अमेरिकी पसलहरूमा प्रवेश गर्दा पसलमा काम गर्ने कर्मचारी वा पसलधनीले ग्राहकलाई 'तपाईंलाई यस पसलमा स्वागत छ', 'तपाईंको हालखबर कस्तो छ ?', 'म तपाईंलाई केही सहयोग गर्न सक्छु' जस्ता अभिवादनका शब्दहरू भन्ने चलन छ । यसैगरी, ग्राहकले सामान खरीद गरेर फर्किंदा ग्राहकलाई बिदाइस्वरूप पसलका कर्मचारी वा पसलधनीले 'तपाईंको आजको दिन शुभ होस्', 'तपाईंले खोजे अनुसारको सामान पाउनुभयो', सबैकुरा ठीकठाक छ', तपाईंको मङ्गल होस्,' जस्ता बिदाइका शब्दहरू भन्ने चलन छ।

अमेरिकी व्यापारिक परम्पराले ग्राहकलाई उच्च सम्मान एवं आदर दिनुपर्छ र असल तथा उपयुक्त सामान उचित मूल्य, समय र स्थानमा उपलब्ध गराएर कुनै पनि ग्राहक सधैंभरि आफ्नो पसलमा आउने वातावरण सिर्जना गर्नुपर्छ भन्ने कुरामा जोड दिन्छ। हरेक ग्राहकसँग राम्रो व्यवहार गरेर, आफ्ना ग्राहकहरू सधैंभरि आफ्नो पसलमा आउने इमानदारी वा भक्तिभाव ग्राहकमा सिर्जना गर्नुपर्छ किनभने प्रत्येकपटक नयाँ ग्राहक खोज्नुभन्दा भएकै ग्राहकलाई उच्च सन्तुष्टि दिएर उनीहरू सधैंभरि आफ्नो पसलमा आउने वातावरण सिर्जना गर्नु सर्वाधिक महत्त्वपूर्ण कुरा हो। व्यापारिक सफलताको उपाय हो । यो मान्यतामा अमेरिकी व्यापारिक परम्पराले बलियो विश्वास गर्दछ ।

पसलभित्र प्रवेश गर्दा ग्राहकलाई कुनै व्यापारिक केन्द्र (अनावश्यक किसिमले पैसा खर्च गराउने स्थान)भित्र प्रवेश गरेको भान नभएर आफ्नै आवासगृहमा प्रवेश गरेको भान होस् भन्ने मान्यता अमेरिकी व्यापारिक परम्पराको रहेको पाइन्छ। यो पसलले मबाट पैसा तान्नेछ भने सोच नभएर यो पसलले मेरो आवश्यकता पूरा गरेर मलाई पूर्ण सन्तुष्टि दिनेछ भन्ने सोच ग्राहकमा होस् भन्ने उद्देश्य अमरिकी व्यापारिक परम्पराले राखेको हुन्छ ।

ग्राहक पसलभित्र प्रवेश गर्दा कतिपय पसलहरूले 'ग्रिटर' अथवा स्वागत गर्ने व्यक्ति (कर्मचारी) आफ्नो पसलको प्रवेशदारमा राखेका हुन्छन्। ग्रिटरको मुख्य काम पसलभित्र प्रवेश गर्ने ग्राहकहरूलाई स्वागत गर्नु, स्वागतका लगि भनिने शब्दहरू भन्नु तथा पसलबाट बाहिर जाने ग्राहकहरूलाई बिदाइ गर्नु, बिदाइका लागि भनिने शब्दहरू भन्नु हो।


अमेरिकाको सर्वाधिक ठूलो खुद्रा बिक्री भण्डार 'वालमार्ट'का भण्डार (पसल)हरूमा ग्रिटरहरू राखिएका हुन्छन्। वालमार्टमा अन्य कर्मचारी सरह ग्रिटरको पनि पद हुन्छ। ग्रिटरको दरबन्दी हुन्छ। ग्रिटरको मुख्य काम ग्राहकहरूलाई घरमा प्रवेश गरेझैं अनुभूति गराउनु हो। साथै ग्राहकहरूले कुनै किसिमको सहयोग माग गरेमा सहयोग गर्नु हो ।

ग्रिटरले सदा हाँसेर ग्राहकहरूलाई स्वागत एवं बिदाइ गर्नुपर्छ । हरपल मुहारमा मीठो मुस्कान कायम राख्नुपर्छ। र यस्तो गरेर ग्राहकलाई आफ्नै घरभित्र प्रवेश गरेको, कुनै अनजान स्थानमा प्रवेश नगरेको बोध गराउनुपर्छ ।

## २९ वर्षीय राजेश रामको मननयोग्य वृतान्त

फोनमा आमाले भनिन्, "बबुओ ..." र रुन थालिन्। खुशीको सुस्केराले आमा र छोराको स्वर अवरुद्ध भयो। भगवान् श्रीकृष्णले भनेका छन्- "म कसैको भाग्य बनाउँदिनँ, सबैले आफ्नो भाग्य आफैं बनाउँछन्।" छोराको भाग्योदयको खबर सुन्नु गरीब र दलित आमाबुबाको लागि अकल्पनीय खुशीको क्षण थियो ।


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**आफ्नो क्षमताको पहिचान आफैं गर्नुपर्छ र सोही बमोजिम अघि बढ्नुपर्छ। युवा उमेरमा सङ्घर्ष गरेर भविष्य उज्ज्वल पार्ने कि सुखसयलमा लिप्त भएर कष्टमय भविष्य बाँच्ने ? प्रत्येक विद्यार्थीले आफैंसँग प्रश्न गर्नुपर्छ र उत्तर खोज्नुपर्छ ।**

शिक्षाशून्य पृष्ठभूमि भएको परिवारको भरणपोषण बुबाको छाता र टर्चलाइट मरम्मतको आम्दनीमा निर्भर थियो। बुबाको हिम्मतलाई सलाम गर्नुपर्छ, जसले धानबालीसहित खेत बन्धक राखे, आर्थिक बन्दोबस्त गरे, काँधमा हात थापी अग्रपथको सारथि बने। परिवारको साथ पाएका छोराले अन्ततः आमाबुबालाई गर्व हुने लक्ष्य प्राप्त गरी छाडे। ती युवा परिवार, समुदाय, टोल, गाउँ र जिल्लाको मात्र होइन, समस्त विद्यार्थी तथा युवा जमातका लागि उदाहरणीय पात्र हुन् भन्नुपर्दा कुनै अतिशयोक्ति नहोला।

पर्साको पोखरिया नगरपालिका-२ लमरिया निवासी जवाहिर महरा र कृष्णावती देवीका दुई छोरा र एक छोरीमध्ये जेठो सन्तान हुन्, राजेश राम। हाल उनी वीरगंज महानगरपालिकाको वडा नं ३१ मा अधिकृत पदमा कार्यरत छन्। उनले लोकसेवा आयोगको एकपछि अर्को परीक्षामा कसरी नाम निकाले ? कुन कुन तहको परीक्षामा नाम निकाले ? उनको आगामी योजना के छ ? यावत् प्रश्नहरूको उत्तर यस आलेखमा उल्लेख छन् ।

२९ वर्षीय युवा राजेश रामको मननयोग्य वृतान्तको संक्षिप्त अंश प्रस्तुत छ :-

प्रथमतः मेरो सङ्घर्षप्रति चासो राख्नुभएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

कक्षा पाँचसम्म नेराप्रावि लमरियामा पढें। त्यसपछि पोखरिया माविमा कक्षा ६ मा नामाङ्कन भयो। विसं २०६६ मा प्रथम श्रेणीले एसएलसी उत्तीर्ण गरें । मेरोलागि उच्च अङ्कसहित एसएलसी उत्तीर्ण हुनु पनि ठूलै सफलता थियो ।

एसएलसीपछि के पढ्ने ? कहाँ पढ्ने ? चिन्ता भयो । किनभने टाढा गएर महँगो विद्यालयमा पढ्ने आर्थिक क्षमता थिएन । त्यस कारण भोजपुरी लोकोक्ति "ना मामा से काना मामा निमन" भनेझैं पोखरिया माविमा शिक्षा विषय लिएर कक्षा १२ पढ्ने निधो गरें। विसं २०६९ मा द्वितीय श्रेणीले कक्षा १२ उत्तीर्ण गरें ।

उच्च शिक्षार्जनका लागि वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसभन्दा नजीक कुनै गन्तव्य थिएन। दुःख-सुख गरेर शिक्षा सङ्काय स्नातक तहमा नामाङ्कन गराएँ । त्यति बेला तीन वर्षे बिएड थियो । प्रथम वर्षमा राम्रो अङ्कले उत्तीर्ण भएपछि दोस्रो वर्षमा रु छ हजार छात्रवृत्ति पाइयो । त्यसैगरी, तेस्रो वर्षमा पनि छात्रवृत्ति प्राप्त गर्न सफल भएँ । छात्रवृत्तिले आर्थिक सहायता मात्र भएन, अपितु प्रोत्साहित पनि भएँ ।




वीरगंज महानगरपालिकामा अधिकृत छैटौं तहमा कार्यरत राजेश राम र बायाँदेखि क्रमशः बुबा जवाहिर महरा, पत्नी निशा महरा र आमा कृष्णावती देवीसँग राम ।

लोकसेवा आयोगको तयारीबारे अग्रज दाइहरूबीच चर्चा परिचर्चा हुने गर्दथ्यो। तयारी गर्न फलानो विद्यार्थी काठमाडौं गयो, त कसैले नाम निकाल्यो आदि चर्चा खूब सुनिन्थ्यो। विसं २०७२ मा द्वितीय श्रेणीले स्नातक तहको अध्ययन पूरा गरें । अब के गर्ने ? आफूले आफैंसँग प्रश्न गर्थें। आर्थिक क्षमता थाहा हुँदाहुँदै पनि लोकसेवा आयोगको तयारी गर्ने सम्बन्धमा अत्यधिक सोच्नमग्न भएँ।

आर्थिक कारणले लोकसेवा आयोगको तयारी गर्नु चुनौतीपूर्ण थियो। बुबाको आम्दनीले सम्भव हुने कुरै थिएन। ऋण काढेर काठमाडौं पढ्न जानु औचित्यपरक थिएन। यदि सफलता प्राप्त भएन भने भएभरको सम्पत्ति बेचेर ऋण चुक्ता गर्नुको विकल्प थिएन । यावत् परिस्थितिहरू मस्तिष्कमा घुम्न थाल्यो। वर्तमान र भविष्यबारे धेरै सोचविचार गरें। अन्तिम यही प्रश्न थियो, कुन बाटो रोज्ने ?

अन्ततोगत्वा लोकसेवा आयोगको तयारीमा लाग्ने दृढ सङ्कल्प गरें। घरमा प्रस्ताव राखें । प्रस्ताव सुनेपछि आमाबुबालाई मानसिक तनाव नहुने कुरै थिएन। श्रीसम्पत्तिको नाउँमा घडेरीसहित एक फुसको घर र सरेहमा पाँच कट्ठा खेतबाहेक अन्य सम्पत्ति थिएन । खेत बन्धकी राख्नेबाहेक बुबासँग विकल्प थिएन। त्यस कारण "के गर्ने ? कसो गर्ने ?" बुबालाई तनाव हुनु अस्वाभाविक थिएन । एकातर्फ छोराको भविष्य र अर्कोतर्फ खेत हातबाट जाने जोखिम थियो। यस्तो परिस्थितिमा सामाजिक सल्लाह सकारात्मकभन्दा नकारात्मक बढी पाइने नै भयो। बुबाको तनाव हेरेर मैले ठाकुर राममा स्नातकोत्तर अध्ययन गर्नेतर्फ विचार गर्न थालें ।

खेतमा पाकेको धानबाली काट्ने बेला भइसकेको थियो । बुबाले खेत बन्धकी राख्ने कुरा दुई/चारजनासँग भन्नुभएको रहेछ । समाजमा विषम परिस्थितिको फाइदा उठाउने पात्रहरूको कमी छैन । त्यति बेला खाली खेतको बन्धकी राख्ने मूल्य प्रतिकट्ठा रु २० हजार थियो। तर धानबालीसमेत प्रतिकट्ठा रु १६ हजारका दरले ८० हजारमा पाँच कट्ठा खेत बुबाले बन्धकी राख्नुपऱ्यो ।

**लोकसेवा आयोगको तयारी**

आमाबुबाको आशीर्वाद थापेर उज्ज्वल भविष्यको दिशामा काठमाडौं हानिएँ। एक्लै कोठा भाडा तिर्ने क्षमता थिएन । म र सञ्जय कुशवाहा मिलेर बागबजारमा कोठा भाडामा लियौं । लोकसेवा आयोगको तयारी कक्षा शुरू भयो। प्रत्येक शनिवार परीक्षा हुन्थ्यो। अघिल्लो परीक्षाभन्दा पछिल्लो परीक्षामा स्तर वृद्धिले हौसला थप भइरहेको थियो। राम्रो अङ्क ल्याउनाले गुरुजनबाट प्रोत्साहित हुन थालें ।

गरीबी लक्ष्यप्रति एकाग्र हुन प्रेरित गरिइरह्यो । साथीहरू घूमघाममा रमाइरहँदा म किताबमा घोत्लिरहन्थें। मलाई ज्ञात थियो, समय र पैसाको दुरुपयोग आफू र परिवारको सपना खाल्डोमा पुर्नु हो । अनिवार्य आवश्यकताबाहेक पैसा खर्च गर्थिनँ । किनभने अभिभावकसँग अतिरिक्त आर्थिक भार थेग्ने हैसियत थिएन। बुबाले बसमार्फत चामल पठाउँदा दुईवटा बोरामा आधा-आधा खन्याएर काँधमा बोकी हामी दुईजना साथी कोठासम्म ल्याउँथ्यौं। त्यसले रु पाँच/छ सयको बचत हुन्थ्यो।

लोकसेवा आयोगको तयारीसँगै मध्यमाञ्चल विकास क्षेत्रबाट सामान्य प्रशासन सेवाको खरिदारमा फाराम भरें। माग पद सङ्ख्या दुईवटा थियो। फाराम धेरैले भरेका थिए। प्रतिस्पर्धा चुनौतीपूर्ण थियो। यद्यपि म पास हुनको लागि नभई, आफ्नो क्षमता जाँच गर्ने अवसरको रूपमा लिएँ । लिखित परीक्षामा पास हुने पाँचजनामा म पनि परें । लिखित परीक्षामा पास हुनु गर्वको विषय त थियो नै मनोबल पनि बढ्यो । ऊर्जाका साथ अन्तर्वार्ता परीक्षाको तयारीमा जुटें ।

(बाँकी पाँचौं पातामा)

# द्रोण पर्व-१०७



महाभारतबाट
सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

धृतराष्ट्रले सोधे- सञ्जय ? यदि कर्णको शक्ति एउटै वीरलाई मारेर निष्फल हुने खालको थियो भने कर्णले सबैलाई छाडेर अर्जुनमाथि नै प्रहार किन गरेन ? अर्जुन मारिएपछि त समस्त पाण्डव र सृञ्जय आफसेआफ नष्ट भइहाल्थे । यदि भन्छौ कि अर्जुन सूतपुत्रसित लडाइँ गर्न आएनन् भने कर्ण स्वयंले उसलाई खोज्नुपर्दथ्यो । अर्जुनको त यो प्रतिज्ञा छ कि युद्धमा कसैले हाँक दिन्छ भने उसको पाइला कहिले पनि पछि सर्दैन ।

सञ्जयले भने- महाराज, श्रीकृष्णको बुद्धि हामीहरूको भन्दा ठूलो छ । उनलाई थाहा थियो कि कर्ण आफ्नो शक्तिबाट अर्जुनलाई मार्न चाहन्छन् । त्यसैले उनले कर्णको साथ द्वैरथयुद्धमा राक्षसराज घटोत्कचलाई नियुक्त गरे । यस्ता यस्ता अनेकौं उपायबाट उनले अर्जुनको रक्षा गर्दै आइरहेका छन् । विशेषतः कर्णको अमोघ शक्तिबाट उनले नै अर्जुनको रक्षा गरेका छन्, नत्र भने त्यस शक्तिले अवश्य नै अर्जुनको नाश गरिहाल्दथ्यो ।



धृतराष्ट्रले सोधे- सञ्जय, कर्ण पनि त बडो बुद्धिमान् हुन्, उनी स्वयंले नै किन अर्जुनमाथि त्यस शक्तिको प्रहार गरेनन् ? तिमी स्वयम् पनि राम्रो जान्ने मान्छे हौ, तिमीले नै किन कर्णलाई यो कुरा भनिदिएनौ ?

सञ्जयले भने- महाराज, प्रतिदिन रात्रिमा दुर्योधन, शकुनि, म र दुःशासन-यी सबैजनाले कर्णसित प्रार्थना गर्दथे कि भाइ, भोलिको युद्धमा तपाईं सम्पूर्ण सेनालाई छाडेर पहिला अर्जुनलाई नै मारिहाल्नु, अनि त हामीहरू पाण्डव र पाञ्चालहरूमाथि दास सरह शासन गर्नेछौं । यदि यस्तो भएन भने तपाईंले कृष्णलाई नै मारिहाल्नुहोस्, उनी नै पाण्डवहरूको बल हुन् । कृष्ण नै उनीहरूका रक्षक हुन् ।

राजन्, यदि कर्णले कृष्णलाई मारि दिएको भए निस्सन्देह सम्पूर्ण पृथ्वी उनको वशमा भइहाल्दथ्यो । कर्णले पनि कृष्णमाथि शक्ति प्रहार गर्ने विचार गरेका थिए तर युद्धमा भगवान् श्रीकृष्ण निकटमा आइपर्दा कर्णमाथि यस्तो मोह छाउँथ्यो कि यो कुरा बिर्सिन्थ्यो । उताबाट भगवान् श्रीकृष्ण सदैव बडे बडे महारथीहरूलाई युद्ध गर्न पठाउँथे । उनी निरन्तर यो ध्याउन्नमा रहन्थे कि कुन प्रकारले कर्णको शक्तिलाई व्यर्थ पारि दिऊँ । महाराज जसले कर्णबाट अर्जुनको यस प्रकारले रक्षा गर्दथे, उनी आफ्नो रक्षा किन गर्दैनथे ? तीनै लोकमा कोही पनि यस्तो वीर छैन, जसले जनार्दनमाथि विजय पाउन सकोस् ।

घटोत्कच मारिएपछि सात्यकिले पनि भगवान्सित यही प्रश्न गरेका थिए कि कर्णले वैजयन्ती नामक त्यो अमोघ शक्ति अर्जुनमाथि प्रहार गर्ने निश्चय गरेका थिए भने अहिलेसम्म उनले त्यो शक्ति प्रहार किन गरेनन् ?

भगवान् श्रीकृष्णले भने- दुर्योधन, शकुनि, दुःशासन र जयद्रथ-यी सबै मिलेर यही सल्लाह दिने गर्दथे कि कर्ण, तपाईंले अर्जुनबाहेक अन्य कसैमाथि यो शक्ति प्रहार नगर्नुहोला । अर्जुन मारिएपछि पाण्डव र सृञ्जय स्वयम् नै नष्ट भइहाल्नेछन् । युयुधान, कर्णले पनि उनीहरूसित यस्तै गर्ने प्रतिज्ञा गरिसकेका थिए, उनको हृदयमा सदैव अर्जुनको वध गर्ने विचार रहन्थ्यो पनि, तर मैले नै कर्णलाई मोहमा पारिदिन्थे । यही कारण थियो कि कर्णले अर्जुनमाथि शक्ति प्रहार गरेनन् । सात्यकि, त्यो शक्ति अर्जुनको लागि मृत्युरूप हो-यो सोच्दै मलाई राति निद्रा लाग्दैन्थ्यो । अब त्यो शक्ति घटोत्कचमाथि परेर व्यर्थ भइहाल्यो-यो हेरेर मलाई लाग्छ कि अर्जुन मृत्युको मुखबाट जोगिइसके । म युद्धमा अर्जुनको रक्षा गर्न जति आवश्यक ठान्छु, त्यति पिता, माता, तिमी जस्ता भाइ र आफ्नो प्राणको पनि रक्षा आवश्यक ठान्दिनँ । तीनै लोकमा राज्यको अपेक्षा पनि यदि कुनै दुर्लभ वस्तु भए त्यसलाई पनि म अर्जुनबेगर चाहदिनँ । त्यसैले आज अर्जुन मानौं मरेर बिउँतिएझैं हेरेर आज मलाई बडो आनन्द प्राप्त भइरहेको छ । यही कारण हो कि यस रात्रिकालमा मैले राक्षसलाई नै कर्णसित युद्ध गर्नको लागि पठाएको थिएँ । ऊबाहेक अन्य कसैले पनि कर्णलाई दबाउन सक्दैनथ्यो ।

महाराज, अर्जुनको प्रिय र हित गर्नमा निरन्तर लागिरहने भगवान् श्रीकृष्णले सात्यकिले सोधे पछि यही उत्तर दिएका थिए ।

धृतराष्ट्रले भने- सञ्जय, यसमा कर्ण, दुर्योधन र शकुनिको तथा सबैभन्दा बढी तिम्रो भूल थियो । तिमी सबैजनालाई यो थाहा थियो कि त्यो शक्तिले केवल एउटा वीरलाई मात्र मार्न सक्थ्यो, इन्द्रादि देउता पनि त्यसको आघात सहन गर्न सक्दैनथे र पनि कर्णले त्यसलाई श्रीकृष्ण अथवा अर्जुनमाथि किन प्रहार गरेनन् ? तिमीहरूले युद्धको समयमा कर्णलाई किन सम्झना दिलाएनौ ?

सञ्जयले भने- महाराज, हामीहरूले त प्रतिदिन रात्रिको बेलामा उनलाई यस्तो गर्ने सल्लाह दिन्थ्यौं तर प्रातःकाल हुने बित्तिकै कर्णको तथा अन्य योद्धाहरूको बुद्धि पनि हत हुन पुग्थ्यो । हातमा त्यस्तो भयानक मारक शक्ति छँदाछँदै कर्णले श्रीकृष्ण अथवा अर्जुनलाई किन मार्न सकेनन् ? यसमा म दैवलाई नै प्रधान कारण ठानिरहेकोछु । क्रमशः...।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

यसभन्दा उत्तम यो ब्रह्माण्डमा कुनै पनि शरीर छैन तर हामीहरूमध्ये अधिकांशलाई यो कुरा थाहा पनि छैन । हामीहरूले आफ्नो दृष्टि आफैं दूषित पारेर राखेका छौं । त्यही कारणले गर्दा हामी नीच, निर्बल र पापी हौं भन्ने आरोप पटक-पटक लगाउने गरिन्छ । मानिसहरूले हामीहरूलाई माग्न सिकाउँदा सिकाउँदा भिखारी बनाइदिएका छन् । हाम्रो आत्मशक्तिलाई भुल्याउने पूरा व्यवस्था मिलाइदिएका छन् । मानिसहरू जतिजति तथाकथित धर्मको पालन गरिरहेका छन्, तिनीहरू त्यति नै धेरै भित्रबाट कमजोर हुँदै गइराखेका छन् । उनीहरूलाई यो लाइनबाट अलिकति पनि बाहिर गयौ भने तिमीले पापको भागीदार बन्नुपर्छ भनी पूरै दिग्भ्रमित गरिदिइन्छ । यही पापको डरले मानिसहरू आफ्नो सारा आत्मशक्तिलाई भुलेर भाग्यको भरोसा गरिरहन्छन् । सबैको सोच्ने, बुझ्ने र आत्मनिरीक्षण गर्ने क्षमतालाई शिथिल र निष्क्रिय बनाइएको अवस्था छ । आफूले आफैंलाई पापी ठान्नु सबैभन्दा नराम्रो सोचाइ हो ।

हामीहरू आफ्नोबारेमा आफूलाई जस्तो सोच्छौं, त्यस्तै बन्दै जानेछौं । हामी एकदमै कमजोर छौं भन्ने कुरा हाम्रो मनभित्र गहिरो गरी बसेको छ । यसै हुनाले हामीहरू सहारा खोजिरहन्छौं । म शायद कसैको सहारा नपाई केही पनि गर्न सक्दिनँ भन्ने सोचाइ राख्छौं । हामीभित्रको आन्तरिक संसार निर्माण गर्न सक्ने शक्ति हामीभित्रै छ । हामीभित्रको यो शक्तिलाई हामीले बिर्सिएर हामीले हाम्रो ऊर्जालाई सङ्कुचित गरिदिएका छौं । कहींबाट केही सहारा पाए, त्यही सहाराको सहारामा म अगाडि बढ्नेछु भन्ने कुरामा हामीले हाम्रो ध्यान केन्द्रित गरेका छौं । हामीले हाम्रो आफ्नो जिम्मेदारीको क्षेत्रलाई अत्यन्तै कम गरिदिएका छौं । हामीहरू अरूहरूका रचनाहरू कति राम्रा छन् भन्दै अत्यन्तै गौरवका साथ पढ्ने गर्छौं तर हामी आफैं सिर्जना गर्नेबारेमा केही सोच्दैनौं । आजैबाट आफ्नो सोच्ने तरीकालाई बदल्नुस् । जीवनमा जे प्राप्त भएको छ, त्यसलाई नै धन्यवाद दिनुस् र आफ्नो आत्मशक्तिद्वारा सफल भएरै छोड्नेछु भन्ने सोच्नुस् । म अरूले बताएको मार्गमा हिंड्ने बटुवा हैन अरूलाई मार्ग देखाउने मार्गदर्शक बन्नेछु । मलाई भगवान्ले शक्तिशाली बनाउनुभएको छ । म यी शक्तिहरूलाई पूरा जिम्मेवारीका साथ उपयोग गर्नेछु । यस्तो प्रतिबद्धताको साथ तपाईंले आफ्नो शक्ति उपयोग गर्नुभयो भने तपाईंले आफ्नो जीवनको दिशा बदलिएको देख्न सक्नुहुनेछ । तपाईंका विचारहरूमा ऊर्जा आएको जस्तो लाग्नेछ । तपाईंको आन्तरिक जीवनमा नित्य नयाँ सिर्जना देखिन थाल्नेछन् । जुन कुरा तपाईं सोच्न पनि सक्नुहुन्नथ्यो, त्यसलाई एक/एक गरेर सत्य साबित भएको देख्न सक्नुहुनेछ ।

अहङ्कारमा नपर्नुस्, यही एउटा कुरा ध्यान दिनुस् । भगवान्सँग केही पनि नमाग्नुस् तर भगवान्लाई धन्यवाद दिंदै जानुस् । भगवान्बाट पाएको शक्तिलाई तपाईं आफैंले बिस्तारै-बिस्तारै चिन्न थाल्नुहुनेछ । त्यसपछि तपाईंले आनन्द महसूस गर्न थाल्नुहुनेछ । यही बाटोमा हिंडिरहनुस् । जीवनबाट परनिर्भरता घट्दै जानेछ र तपाईंको आत्मबल बढ्दै जानेछ । हामीहरूले आफ्नै कर्मद्वारा हाम्रो संसारलाई नर्कमा परिवर्तन गरिरहेका छौं तर त्यो हामीहरू देखिरहेका छैनौं । यस्ता कर्महरू हामीहरू डरका कारणले मात्र गरिरहेका छौं । हामीहरू यति धेरै डराइरहेका छौं कि अब हामीहरूलाई कसैले पनि सजिलै डराउन सक्छ । कुनै पनि कथा कहानी हामीमाथि थोपर्न सक्छ र हामीहरू डरैडरले उसको ठूलो भक्त हुन सक्छौं । डर पनि दुई प्रकारका हुन्छन् । पहिलो, आफूसँग भएको कुरा खोसिने डर र दोस्रो, केही कुरा नपाउने हो कि भन्ने लोभको डर । मैले यो गरें भने यति पाउनेछु र यति गरिनँ भने मबाट यति गुम्नेछ भन्ने हिसाबकिताब लगाउँछौं । वास्तवमा हामीहरूलाई मानिसहरूले धार्मिक व्यापारी बनाइदिएका छन् । एक हातले लिने अर्को हातले लिने । आत्माले नमानेको काम गर्नु, डराइडराइ नचाहेर डरले काम गर्नु भनेको आत्महत्याको काम गर्नु हो । शरीरलाई मार्नु केवल आत्महत्या गर्नु हो तर डराइडराइ डरको प्रभावमा पर्नु पनि आत्महत्या नै गर्नु हो । अरूले बनाएको मार्गमा हिंड्नु जीवनको नियम होइन । यदि कसैले बनाएको मार्गमा हिंड्ने प्रयास गर्नुभयो भने तपाईं सधैंभरि होश हराएको भ्रान्तिपूर्ण अवस्थामा रहनुहुनेछ । कहिल्यै तपाईंलाई होस् आउनेछैन । जीवन भनेको आफ्नो निजी एवं आन्तरिक यात्रा हो । आफ्नो आत्माको आवाज चिन्नुहोस् र आफ्नो यात्राको खोजी आफैं गर्नुहोस् । डराएको मानिस सधैं द्विविधामा रहन्छ । उसलाई जीवनको सत्यको जानकारी हुँदैन । जब उसलाई सत्यको जानकारी हुन्छ, जब उसले आफ्नो आत्मशक्तिले निर्णय लिने बारेमा अलिअलि सोच्छ । तर अब उसलाई उसभित्र भएको डरले बाधा पैदा गरिदिन्छ । आफ्नोतर्फबाट केही गर्ने हिम्मतबाट भड्काइदिन्छ । उसले केही निर्णय लिन सक्दैन । द्विविधामा नै रहिरहन्छ । द्विविधा जीवनको लागि सबैभन्दा ठूलो अभिशाप हो । दोधारमा रहने मानिसको जस्तो अवस्था कसैको हुँदैन । क्रमशः

# टेन्डन, लिगामेन्ट, एपोन्युरोसिस र जोर्नी

वाटिका




डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**चोटपटक लाग्यो भने यो लिगामेन्टको नै चोट हो, जसमा आराम र मालिसले फाइदा हुन्छ किनभने यही हो स्प्रेन । गाउँघरमा हाड भाँचिएकोलाई पनि स्प्रेन बुझेर मालिस गरिदिन्छन्, जसले उल्टो परिणाम दिने र खतरनाक हुन्छ ।**

नेपालीमा बन्ध, बन्धन र बन्धनसूत्र हुन्छ । बन्धनसूत्र एउटा धेरै पातलो धागो हुन्छ । धेरै धागो मिलेर बनेकोलाई बन्धनसूत्र भनिन्छ । यो सत्यनारायणको कथा वा राखीमा बाँधिएको देखिन्छ । त्यस्तै अङ्ग्रेजीमा लाइगेट, लाइगेशन र लिगामेन्ट हुन्छ । मतलब यो कि लिगामेन्टले लाइगेशन गरिन्छ । बन्धनसूत्रलाई मोटो बनायो भने डोरी वा रस्सी बन्छ । यसभन्दा पनि मोटो धागोलाई रस्सा भनिन्छ । यिनै धागो, डोरीलाई हाम्रो शरीरमा टेन्डन र लिगामेन्ट भनिन्छ । कुनै भाँडामा वस्तु छ भने त्यसलाई कपडाले ढाकेर राखिन्छ । त्यही कपडा एपोन्युरोसिस हो, जुन कुनै चराले पखेटा फैलाएजस्तो हुन्छ । जसरी हाम्रो पैताला वा पेटमा धेरै संरचना हुन्छन्, त्यो एउटा प्राकृतिक ओढ्नेले ढाकिएको हुन्छ । त्यसैलाई सिथ वा एपोन्युरोसिस भनिन्छ र पैतालामा यसलाई हामी काँडा आदि बिझेको बेला हेर्न सक्छौं । सानो काँडा एपोन्युरोसिससम्म जान्छ र भित्रको नाजुक र रक्तनलिका नष्ट हुनबाट जोगिन्छ । पेटमा हल्का दबाबले भाला रोप्यो भने एपोन्युरोसिस र मांसपेशी मिलेर आन्द्रासम्म जान रोक्छ ।

एउटा बैलगाडीमा के देखिन्छ ? एउटा पालो गाडीको मोहडामा यसरी बाँधिएको हुन्छ कि पालो र मोहडाको जोड चल्न नसकोस् । पालो र मोहडाको बीच ठाउँ जोर्नी हो र बाँधिएका डोरीहरू लिगामेन्ट हुन् । अब एउटा प्लास्टिक वा अन्य वस्तुले यसरी बाँधिएका डोरीहरूलाई फेरि बाँधिदिनुस् । त्यही हो एपोन्युरोसिस । लिगामेन्टको काम जोर्नीमा मौजुद दुवै हाडलाई बाँधेर स्थिर राख्नु हो । जोर्नी भने दुईटा हाड मिल्ने जक्शन हो । पालोको दुवैतिर गोरु जोतिएको हुन्छ । गोरुको नाथमा बाँधेको डोरी गाडीवानको हातमा हुन्छ । गाडीवानले गाडीलाई बायाँ घुमाउन बायाँ डोरी र दायाँ घुमाउन दायाँ डोरी तान्छ । गोरुको डोरी टेन्डन हो, गाडीवान मांसपेशी र गोरुहरू घुम्ने अङ्गहरू हुन् । मांसपेशी जतातिर खुम्चन्छ अङ्ग उतैतिर घुम्छ । गाडीवान कुशल छैन भने गाडी घुमाउन सक्दैन । मांसपेशी कमजोर भयो, टेन्डन कमजोर भयो भने काम राम्रो हुँदैन । गाडी घुमाउनेको दिशा हुन्छ बायाँ, दायाँ, उकालो र ओरालो । जोर्नी चल्ने दिशा पनि यही हुन्छ । दायाँ र बायाँलाई एडक्शन र एब्डक्शन तथा उकालो र ओरालोलाई फेक्शन र एक्सटेन्शन भनिन्छ । जब दुवै तिघ्रालाई टसाइन्छ, त्यो एडक्शन हो, फैलाउनु एब्डक्शन हो । जब तिघ्रालाई पेटतिर ल्याइन्छ, त्यो फ्लेक्शन र जब फेरि माथि ल्याइन्छ, त्यो एक्सटेन्शन हो । चारैतिर घुम्ने पनि हुन्छ कुनै कुनै जोर्नी । हामी हात नचाउँछौं । त्यो सोल्डर ज्वाइन्टको फूल रोटेशन हो । तिघ्रामा पनि यो हुन्छ । यसरी हामी के देख्छौं भने दुई हाडको मिलनबिन्दु जोर्नी हो र यसलाई लिगामेन्टले बाँधेर स्थिर राखेको हुन्छ तर मांसपेशी र टेन्डनको एक्शनले जोर्नी भित्रभित्रै घुमेर पाँचवटा मुभमेन्ट गर्छ । एडक्शन, एब्डक्शन, फ्लेक्शन, एक्सेन्शन र रोटेशन । तर यी सबै मुभमेन्ट सबै जोर्नीमा हुँदैन र कसै-कसैमा सबै हुन्छ । उदाहरणको लागि औंलाको जोर्नीमा केवल फ्लेक्शन र एक्टेन्शन हुन्छ । यस्तै गोडाको औंला । हिप र सोल्डरको जोर्नीमा सबै मुभमेन्ट हुन्छ । तर कुनै कुनै जोर्नी चल्ने काम नै हुँदैन । त्यहाँ दुईटा हाड हँसियाको दाँतीजस्तै आपसमा मिलेका हुन्छन् । त्यसलाई सुचरल ज्वाइन्ट भनिन्छ । यो ब्रेनलाई ढाक्ने हाडमा पाइन्छ । अब प्रश्न उठ्छ, त्यसो भए ब्रेन ढाक्ने हाडमा जोर्नीको आवश्यकता किन ? एउटै भए हुन्थ्यो नि ! यसको उत्तर यो छ कि बालपनमा ब्रेनका सबै भाग एक साथ बढ्दैनन् । कहिले छेउको त कहिले अगाडि र कहिले पछाडिको ब्रेन बढ्छ । त्यसलाई टेवा दिन त्यसै छेउको बोन मात्र बढ्नुपर्छ, जुन हँसियाको दाँतजस्तो आकार भएकोले सजिलै





जोडिन्छ र वयस्क भएपछि, ब्रेन बढ्न रोकिएपछि यी सुचरल बोनहरू पनि पूरै फिक्स हुन्छन् । यसरी जोर्नी तीन प्रकारका हुन्छन् : पहिलो, जसमा मुभमेन्ट हुँदैन । यसलाई सिनअथ्रोसिस भनिन्छ, जसको उदाहरण यी सुचरल ज्वाइन्ट हुन् । दोस्रोः एम्फिअथ्रोसिस जसमा नाम मात्रको मुभमेन्ट हुन्छ । यसको उदाहरण कार्टिलेजिनस जोर्नी हो । तेस्रोः डायअथ्रोसिस जसमा खूब मुभमेन्ट भइरहन्छ । यो तेस्रो पनि निम्नलिखित प्रकारका हुन्छन्- १) वाल र साकेट ज्वाइन्ट, २) पिभोट ज्वाइन्ट, ३) हिन्जज्वाइन्ट, ४) ग्लाइडिङज्वाइन्ट, ५) सैन्डलज्वाइन्ट, र ६. कोन्डिल्वायड ज्वाइन्ट । पहिलोमा एउटा हाडको एउटा बलजस्तो सानो संरचना एउटा सकेटमा फिट रहन्छ र त्यसै सकेटमा बसेर वाल चारैतिर वा यताउति घुम्छ । यसका थुप्रै उदाहरण छन् तर हिपज्वाइन्ट र सोल्जरज्वाइन्ट सजिलै देख्न सकिन्छ । दोस्रो अथवा पिभोटमा एउटा हाडमा माथि उठेको एउटा काँटी हुन्छ, जुन अर्को हाडको प्वालमा फिट हुन्छ र बोन यताउति घुम्छ । यो गर्धनको पहिलो र दोस्रो हाडमा हुन्छ, जसले गर्दा गर्धन यताउता घुमाउन सकिन्छ । तेस्रोमा हिन्ज भनेको ढोकामा लगाएको कब्जाजस्तो हो । कब्जा घुमेपछि ढोका पनि मात्र ९० डिग्रीको सीमा भित्र खुल्ने र बन्द हुने गर्छ । यसको उदाहरण हो घुँडा र कुहिनाको जोर्नी । ग्लाइडिङमा एउटा सानो हेड हुन्छ, जो अर्को हाडको एक सानो कैभिटीमा अलिअलि चिप्लिन्छ मात्र । यसको उदाहरण नाडी र एन्कलका जोर्नी हुन् । सैडल भनिन्छ घोडाको काठीमा खुट्टा झुन्ड्याउनको लागि बनेको काठ वा लोहाको औजार । यसको उदाहरण पनि पञ्जा र गोडाको जोर्नीमा नै देखिन्छ । कौन्डाइल भनिन्छ हाडमा बनेको एउटा प्रक्रियालाई जुन अर्को हाडको एउटा सानो खाल्डोमा फिट हुन्छ । यो पनि पैतालाको जोर्नीमा पाइन्छ ।

**जोर्नीको बनावट :** अब जोर्नी कसरी बनेको हुन्छ, त्यसलाई हेरौं । उदाहरणको लागि घुँडाको जोर्नीलाई लिनुस् । यसमा तिघ्राको हाडको तलको भाग गोडाको हाडको माथिल्लो भागसँग मिलेर जोर्नी बनाउँछ । यसलाई चारैतिरबाट लिगामेन्टहरूले बाँधेर स्थिर गर्छ । यी लिगामेन्टको सङ्ख्या यहाँ चारवटा हुन्छन्, जबकि काँधको जोर्नीमा केवल तीनवटा हाड हुन्छ । यसरी जोर्नी जोर्नीमा लिगामेन्टको सङ्ख्या अलग-अलग हुन्छ । दुवैतिर भित्ता जस्तो लपेटिएका मांसपेशीका टेन्डन पनि जान्छ । यसरी भित्रैभित्रै जोर्नीभित्रको हाड अलिअलि चल्ने वा घुम्ने गरेको हुन्छ । अलिअलि चले पनि दुवै हाडमा घर्षण त हुन्छ नै । यस घर्षणलाई रोक्न प्रकृतिले अर्को व्यवस्था यो गरेको छ कि दुवैको बीचमा कार्टिलेजको प्याड राखिदिएको छ । यस प्याडलाई मेनिस्कस भनिन्छ । ल्याटिनमा मेनिस्कस माने हाफमुन हुन्छ, त्यस कारण यसको नाम मेनिस्कस परेको छ । घुँडामा दुईटा अर्धचन्द्रकार एउटा अगाडि र अर्को पछाडितिर राखिएको हुन्छ । यसले गर्दा घुँडा चलाउँदा जब घर्षण हुन्छ, तब दुखाइ हुँदैन र हाडमा पनि नोक्सान हुँदैन । तर यो मेनिस्कस पनि बिमारी वा बुढेसकालमा खिएर हाडको घर्षणले दुखाइ हुन्छ । यही मेनिस्कस जब भर्टिब्राको बीचमा हुन्छ, त्यसलाई डिस्क भनिन्छ । यो अर्धचन्द्रकार होइन, बरु बीचमा ठूलो छिद्र भएको डिस्क जस्तो एउटै हुन्छ । यसको अलावा टेन्डनले पनि हाडसँग घर्षण गर्न सक्छ । ठीक त्यस्तै जसरी बाल्टिनको डोरीले इनारबाट पानी तान्दा इनारको भित्तामा देखिन्छ । यसलाई रोक्न प्रकृतिले द्रव भरिएका ससाना पाउच जस्तो रचना राखिदिएका छन्, जसलाई वर्सा भनिन्छ । यस वर्साको सङ्ख्या शरीरभरिमा १५० छ, जबकि लिगामेन्टको ९०० र टेन्डनको सङ्ख्या ४००० छ । ल्याटिनमा वर्साको मतलब हुन्छ पर्स, द्रव भरिएको पर्स । अन्तमा जोर्नी एक पातलो ओढ्नेले ढाकिएको हुन्छ, जसलाई क्याप्सुल वा साइनोभियल मेम्ब्रेन भनिन्छ । यसले एउटा द्रवको स्राव गर्छ, जसलाई साइनोभियल फ्लुइड भनिन्छ । ल्याटिनमा साइनोभियस माने द्रव हुन्छ । यसको काम पनि जोर्नीलाई चिप्लो पार्नु नै हो । यसमा ससाना रक्तनलिका पनि हुन्छन् । चोट लाग्यो भने घाइते मेम्ब्रेन रुन्छ र बढी स्राव निकाल्छ तथा घुँडा सुन्निन थाल्छ । तब सुन्निन कम गर्ने र दुखाइ कम गर्ने औषधि दिइन्छ । सुन्निने बढी भए सुईले निकालेर कम गर्नुपर्ने आवश्यकता पनि हुन्छ । चोट बढी भए वा बाहिर घाउ परेको पनि छ भने भित्रका रक्तनलिकाहरू फुटेर रगत पनि मिसिएको हुन सक्छ । तब सुन्निने कम गर्ने, दुखाइ कम गर्ने एन्टिबायोटिक पनि दिनुपर्छ । लिगामेन्ट र टेन्डनको नामकरण तिनीहरूलाई बाँधिएको पोजिसनसँग मेडियल, लैटरल, इन्टेरियर, पोस्टेरियर आदि गरिन्छ । लिगामेन्ट सधैं इन्ट्रा क्याप्सुलर अर्थात् क्याप्सुलभित्र नै हुन्छ । तर टेन्डन भने क्याप्सुलर, इन्ट्रा र एक्स्ट्रा क्याप्सुलर सबै हुन्छ ।

**माइक्रोस्ट्रक्चर अफ टेन्डन एन्ड लिगामेन्ट :** टेन्डन र लिगामेन्ट दुवैको संरचना एउटै तत्त्वले बनेको हुन्छ, जसलाई कोलेजन फाइबर भनिन्छ, जुन लम्बाइको समानान्तर सजाइएका हुन्छन् तर टेन्डनको कोलेजन बढी टफ वा कडा हुन्छ, जबकि लिगामेन्टको अलि कम । टेन्डन बनाउने तत्त्वलाई क्रमशः इन्डोटिनोन र इपिटिनोन भनिन्छ । इन्डोटिनोनले केही फाइबरलाई नै घेरेको हुन्छ, जबकि इपिटिनोनले पूरै टेन्डनलाई घेरेर बसेको हुन्छ । टेन्डनमा पाइने सूक्ष्म सेललाई फाइब्रोसाइट र फाइब्रोब्लास्ट

(बाँकी पाँचौं पातामा)

## अन्तर्राष्ट्रिय समाचार

# अत्यधिक बिजुली कटौतीलाई घटाउन यमनमा सौर्य परियोजना शुरू

एडेन, यमन, ८ पुस/सिन्हवा

विद्युत् कटौती कम गर्न यमनले नयाँ सौर्य परियोजना स्थापना गर्ने भएको छ।

यहाँको दक्षिणी बन्दरगाह शहर एडेनमा संयुक्त अरब इमिरेट्स (युएई) को सहयोगमा उक्त १२० मेगावाट क्षमताको परियोजना स्थापना गरिने यमनको विद्युत् मन्त्रालयले जनाएको हो। यसका लागि यमनले संयुक्त अरब इमिरेट्स (युएई)को राजधानी अबुधाबीस्थित नवीकरणीय ऊर्जा कम्पनी मस्दारसँग एडेनमा सोलार पार्क निर्माण गर्न संयुक्त सहयोग सम्झौतामा हस्ताक्षर गरेको छ।

यस सम्झौता अन्तर्गत मस्दारले सौर्य पार्कको ऊर्जा शहरको छिमेकमा वितरण गर्न प्रसारण लाइन र रूपान्तरण स्टेशनहरू पनि निर्माण गर्नेछ।

एजेन्सीका अनुसार हस्ताक्षर समारोहमा एडेनका गभर्नर एडेन अहमद लामलासले नयाँ सौर्य फार्मले दिनको समयमा बिजुली उत्पादनको लागतलाई धेरै हदसम्म कम गर्नेछ र कार्बन डाइअक्साइड उत्सर्जन कम गर्न पनि योगदान हुनेछ।

यमनका जनताका लागि संयुक्त अरब इमिरेट्स (युएई)ले विभिन्न क्षेत्रमा गरेको सहयोगको एडेनका गभर्नरले उच्च प्रशंसा गरे।

द्वन्द्वग्रस्त देशको ध्वस्त पूर्वाधारको पुनर्स्थापनामा संयुक्त अरब इमिरेट्सको महत्त्वपूर्ण सहभागिता पनि समावेश छ।

बितेका महीनाहरूमा संयुक्त अरब इमिरेट्स रेड क्रिसेन्टले अरब विश्वको



सबैभन्दा गरीब देश यमनका विभिन्न युद्धग्रस्त क्षेत्रहरूमा स्वास्थ्य परियोजनाहरू स्थापना गर्न आफ्नो मानवीय कार्यहरू विस्तार गरेको छ।

सन् २०१४ मा गृहयुद्ध शुरू भएपछि हुथी विद्रोहीले देशका अधिकांश भूभाग कब्जा गरेको र राजधानी सानासहित सबै उत्तरी प्रान्त कब्जा गरेपछि साउदी समर्थित यमन सरकारले सन् २०१५ देखि एडेनबाट सत्ता चलाइरहेको छ। रासस

# दक्षिण सुडानलाई संयुक्त राष्ट्रसङ्घको सहयोग

संयुक्त राष्ट्रसङ्घ, ८ पुस/सिन्हवा

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता एजेन्सीले दक्षिण सुडानलाई सहयोग गरेको छ। संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी एजेन्सीका प्रमुख मार्टिन ग्रिफिथ्सले सो कुराको जानकारी दिएका हुन्।

उनले दक्षिण सुडानलाई तत्कालको आपत्कालीन प्रयोजनका लागि एक करोड ४० लाख अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराइएको बताएका छन्।

दक्षिणी सुडानका खासगरी हिंसा र बाढी पीडित नागरिकका लागि सहयोग पुगोस् भन्ने उद्देश्यले सो सहयोग उपलब्ध गराएको प्रमुख मार्टिनले जानकारी दिएका छन्। उनका अनुसार यहाँ पछिल्लो समयमा दुई लाख ६२ हजारजना भन्दा बढी नागरिक हिंसा र बाढीबाट पीडित भएका छन्। उनीहरू गाँस र बासको पनि व्यवस्था नभएकाले देशभित्रै विस्थापित भएर शरणार्थीका रूपमा बसेका छन्।

उनीहरूको आधारभूत आवश्यकता तथा महिला र बालबालिकाको उद्धारका लागि सो सहयोग रकम उपलब्ध गराइएको उनले जानकारी दिएका हुन्। आप्रवासनसम्बन्धी एक विश्व संस्था, विश्व खाद्य कार्यक्रम, संयुक्त राष्ट्रसङ्घीय बालकोषलगायतका सङ्घसंस्थाहरूले पनि दक्षिण सुडानलाई पहिले केही सहयोग रकम उपलब्ध गराएका थिए।

ती संस्थाहरूले हालै प्राप्त भएको मानवीय सहायतासम्बन्धी रकमको सही सदुपयोग गरेर यहाँका निकै अप्ठ्यारोमा परेका नागरिकको सहयोगमा लगाउनुपर्ने धारणा राखेका छन्। रासस

### टेन्डन ...

भनिन्छ। फाइब्रोसाइट मैच्योर सेल हुन्छन्, जसलाई टेनोसाइट भनिन्छ। फाइब्रोब्लास्ट इमैच्योर सेल हुन्छ र यही मैच्युरिटी प्राप्त गरेर फाइब्रोसाइट वा टेनोसाइट बन्छ। सबैभन्दा ठूलो टेन्डन टेन्डोएकाइलिस हो, जुन खुट्टाको तलदेखि शुरू भएर कुर्कुच्चाको हाडसम्म जान्छ। लिगामेन्ट र टेन्डनको मजबूतीको लागि मैग्निज, भिट ए, भिट सी र ओमेगा ३ खानुपर्छ। चोटपटक लाग्यो भने यो लिगामेन्टमा नै चोट हो, जसमा आराम र मालिसले फाइदा हुन्छ किनभने यही हो स्प्रेन। गाउँघरमा हाड भाँचिएकोलाई पनि स्प्रेन बुझेर मालिस गरिदिन्छन्, जसले उल्टो परिणाम दिने र खतरनाक हुन्छ। वर्साको पोजिसन सबकुटेनियस, सबफासियल, सबटेन्डिनस मतलब छालाको तल, मांसपेशीको तल वा सीधै टेन्डनको तल नै हुन सक्छ।

टेन्डनको पत्ता वैसालियस र लिगामेन्टको फ्रेन्च पौल फर्निनाण्ड सिगोण्डले १६औं र १७औं शताब्दीमा गरेका थिए। अस्तु।

### गौतम बुद्धको ...

महलको निर्माण गराउनुमा पनि पिता शुद्धोधनको उद्देश्य यो थियो कि पुत्र सिद्धार्थलाई कुनै पनि मौसममा आनन्दबाहेक केही पनि प्राप्त नहोओस्। प्रासादभन्दा बाहिर कुनै पनि मौसममा निस्कन नपरोस्। मौसम अनुसारको विभिन्न फल तथा फूलका बोटहरू लगाइएका थिए, ताकि बाहिर जान नपरोस्।

सिद्धार्थ गौतमको अगाडि सांसारिक सुखभोगका सबै अवसर प्रायोजित थिए। स्रोतहरूले के भन्छन् भने सिद्धार्थको विवाह १६ वर्षको उमेरमा र गृहत्याग २९ वर्षको उमेरमा भएको हो। विवाहदेखि गृहत्यागसम्म १६ देखि २९ वर्षको बीचको १२–१३ वर्षको उमेर समयमा सिद्धार्थमा आएको वैचारिक परिपक्वताले उनलाई भगवान् गौतम बुद्ध बनाउन सकेको हो। निस्सन्देह सिद्धार्थ गौतम यस एक युगको अवधिमा हामी सर्वसाधारणले भन्ने गरेको सांसारिक सुखभोग गरेका छन्। आनन्दमय जीवन व्यतीत गरेका छन्। सामान्यतया उनलाई बाहिर निस्कने अवसर हुँदैनथ्यो। अवसर हुँदैनथ्यो भन्दा पनि आवश्यकता पर्दैनथ्यो। सिद्धार्थको हुकुमलाई राजा शुद्धोधनले हरेक हालतमा त्यहीं घरमा नै पूरा गर्ने गर्दथे। तर पनि निकै लामो समय एकै ठाउँमा एकै किसिमले बस्न पाउँदा जसकसैलाई पनि त्यसभन्दा बाहिरको दुनियाँ हेर्न पाउने लालसा जाग्नु स्वाभाविक हो।

यशोधरा र सिद्धार्थको सन्तानका रूपमा राहुलले जन्म लिए। बच्चा त रुन्छ कहिलेकाहीं। यहाँनिर बच्चा जन्मनु तथा रुनु पनि महत्त्वपूर्ण विषय हुन्। सिद्धार्थ गौतमलाई ऋतु अनुसारको राजप्रासादभन्दा बाहिर गएर मनलाई बहलाउनुपर्ने आवश्यकताबोधका कारक तत्त्व पनि हुन सक्छन्। सिद्धार्थ जब रथमा सवार भएर बाहिर निस्कन्छन्, तब दुनियाँलाई फरक किसिमले अनुभव गर्छन्। अनि उनका अगाडि उभिन्छन्, तीन प्रश्न। जुन तीन प्रश्नको उत्तरको खोजीमा सिद्धार्थ गौतम भगवान् बुद्ध बन्छन् भनेर भनिन्छ।

जब मानिसको मनमा एकपछि अर्को प्रश्नले आक्रमण गर्न थाल्छन्, तब मानिस शान्त बस्न सक्दैन। अशान्त मनलाई शान्त बनाउन उत्तरको खोजी त गर्नुपर्छ नै। कसैले दिएको उत्तरले यदि चित्त बुझ्दैन भने उत्तरको खोजी आफैंले गर्नुपर्छ। सिद्धार्थ गौतमको हकमा यो पूरापूर लागू भएको छ। उनको मनमा उठेका तीन प्रश्न र ती तीन प्रश्नका अन्य सहायक प्रश्नहरूको जवाफ तत्कालीन शास्त्र, नीतिज्ञ तथा पुरोहितहरूले दिन सकेनन् र खोजीमा निस्किए।

प्रश्नहरूको उत्तरको खोजीको दृढता मनमा आउनुपूर्वसम्म सिद्धार्थ गौतम केही मनोद्वन्द्वसहित सांसारिक सुखभोगमा थिए। हो, केही वर्ष सिद्धार्थ गौतम हामी सर्वसाधारण मानिसले भन्ने गरेको शब्दावलीमा उच्च किसिमको राजसी सुखभोग गर्दै सुखमय जीवन व्यतीत गरेका थिए। सिद्धार्थ गौतमको सुखमय जीवन गृहत्यागको लागि शक्तिसञ्चय गर्ने अवसरको रूपमा पनि देखिएको छ। सिद्धार्थ गौतमले गृहत्याग गरेपछि जुन कठिन तपस्या गरेर ज्ञान प्राप्त गर्ने महान् उपलब्धि हासिल गरे, सिद्धार्थको दृष्टिकोणबाट ती सबै पनि परम सुखदायी जीवन रहेको स्पष्ट हुन्छ।

**नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना**

वीरगंज–पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेसनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिले सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रीड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र

**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो ३:४० बजे

पारदर्शी बनौं,
भ्रष्टाचार रोकौं।
वीरगंज महानगरपालिका कार्यालय

# काठमाडौं–तराई मधेस द्रुतमार्गलाई चाँडो सक्न अनुगमन र समन्वय समिति

काठमाडौं, ८ पुस/रासस

नेपाली सेनाले राष्ट्रिय गौरवका आयोजनामध्ये सर्वाधिक प्राथमिकता र चर्चामा रहेको काठमाडौं–तराई मधेस द्रुतमार्गको काम चाँडो सक्न समन्वय तथा अनुगमनसम्बन्धी समिति गठन गरेको छ।

'आजको सुरुआत, भोलिको आधार : काठमाडौं–तराई मधेस द्रुतमार्ग' भन्ने नाराका साथ नेपाली सेनाको व्यवस्थापनमा यो आयोजना अघि बढिरहेको छ। नेपाली सेनाका हालका प्रवक्ता नारायण सिलवालको अध्यक्षतामा गठन भएको उक्त संयन्त्रलाई आयोजना अघि बढाउने सिलसिलामा देखिएका यावत समस्या र चुनौती समन्वय गरी सुल्झाउने कार्य जिम्मेवारी छ।

अध्यक्ष सिलवालले भने, "आयोजनाको अहिलेको निर्माणको गतिलाई बढाउँदै सङ्गठनको कार्यदेश अनुसार सम्पन्न गर्न अनुगमन र समन्वयको कार्य समितिलाई प्राप्त छ। सो पूरा गर्नु हाम्रो मुख्य कार्य जिम्मेवारी हुनेछ।" रणनीतिक मात्र नभई बहुआयामिक महत्त्वको उक्त आयोजना अघि बढाउन गठन भएको समितिमा प्राड विभागका महासेनानी रक्षा केसी, लेखा विभागका प्रमुख सेनानी सौरभमानसिंह बस्नेत, इन्फेन्ट्रीका महासेनानी कमल बाँनिया र इन्जिनीयरिडतर्फका प्राविधिक महासेनानी धर्मेन्द्र झा रहेका छन्। समितिले आफ्नो कार्य प्रारम्भ गरिसकेको छ।

खासगरी पूर्वी र मध्य तराई/मधेसबाट कम समय र छोटो दूरीमा देशको राजधानीसँग जोड्ने समृद्धिको आकाङ्क्षा तथा उद्देश्य बोकेको आयोजनाप्रति नेपाली जनताको ठूलो आशा र भरोसा लुकेको छ। आर्थिक वर्ष २०७४/७५ मा शुरू भएको उक्त द्रुतमार्ग आयोजना २०८१ सालको पुससम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। ललितपुरको खोकनाबाट शुरू भई काठमाडौं, मकवानपुर हुँदै बाराको निजगढमा पुगेर पूर्व–पश्चिम राजमार्गमा जोडिने उक्त द्रुतमार्गको लम्बाइ ७२ दशमलव पाँच किलोमिटर छ।

महादेवडाँडा, धेद्रे र लेनडाँडामा करीब छ दशमलव ४१ किमी दोहोरो सुरुङसहितको द्रुतमार्गमा साना र ठूला गरी ८७ वटा पुल रहनेछन्। ती पुलको लम्बाइ १० दशमलव ५९ किमी हुनेछ। पुल र सुरुङबाहेक सडकखण्ड ५५ दशमलव पाँच किमी रहनेछ। द्रुतमार्ग सडक ललितपुरमा सात दशमलव नौ किमी, काठमाडौंमा चार, मकवानपुरमा ५३ र बारामा सात दशमलव छ किमी पर्छ।

आयोजनाको कुल लागत रु एक खर्ब ७५ अर्ब १९ करोड ३६ लाख अनुमान गरिएको छ। आयोजनाको हालसम्मको वित्तीय र भौतिक प्रगति करीब २० प्रतिशत छ। आयोजनाका लागि गत आवसम्म रु ३७ अर्ब ९६ करोड खर्च भइसकेको छ। पछिल्लो समय आयोजना निर्माण कार्यको नेतृत्व सहायक रथी कमलविक्रम शाहले सम्हालेका छन्।

देशको राजधानीलाई पूर्वी भूभाग र तराईसँग जोड्ने वैकल्पिक राजमार्ग बनाउने सोच अनुरूप निर्माणाधीन काठमाडौं–तराई/मधेस द्रुतमार्ग आयोजनाका लागि २०४९ सालमा डेनिस सहयोग नियोगबाट सम्भाव्यता अध्ययन गरिएको थियो।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले बढिरहेको हवाई उडान र अवतरणको चाप थेग्न नसक्ने निक्योलका साथ राजधानीबाट छोटो दूरीमा रहने गरी अर्को वैकल्पिक अन्तर्राष्ट्रिय विमानस्थल निजगढमा बनाउने तथा कम समयमा त्यहाँ आवतजावत गर्न सडक निर्माण गर्ने सोचसँग सम्बन्धित यो पूर्वाधार हो। सरकारले आर्थिक वर्ष २०६६/६७ को बजेटमा द्रुतमार्गको पहुँच मार्ग खोल्ने निर्णय अनुसार तीन वर्ष लगाएर सेनाले त्यो काम २०७० सालमा पूरा गरेको थियो। त्यससँगै आयोजना निर्माणको जिम्मेवारी कसलाई दिने भन्ने विषयमा राजनीतिक दलबीच लामो समयसम्म रस्साकस्सीपछि मुलुकको प्रमुख सुरक्षा अङ्गका रूपमा रहेको सेनाको व्यवस्थापनमा अघि बढाउने विषयमा सर्वसम्मति भएको थियो। यसअघि सेनाले नै २०६७ सालदेखि रु ९४ करोडको लागतमा तीन वर्ष लगाएर आयोजनाको द्रुतमार्गको पहुँच मार्ग खोलेको हो।

एशियन हाईवे स्टयान्डर्डको आयोजनालाई अर्जुनदृष्टि र द्रुत आधारमा अघि बढाइरहेको सेनाका प्रवक्ता सिलवालले बताए। नेपालको सडक यातायातको क्षेत्रमा अत्याधुनिक र रूपान्तरणकारी आयोजनाका रूपमा द्रुतमार्ग स्थापित हुनेछ।

काठमाडौंलाई तराई–मधेस हुँदै छिमेकी मुलुक भारतसँग जोड्ने छोटो, फराकिलो र सुविधासम्पन्न द्रुतमार्ग निर्माणपछि काठमाडौंबाट निजगढसम्मको यात्रा अवधि पाँच घण्टाबाट घटेर एक घण्टामा सीमित रहने मात्र नभई इन्धन र समयसमेत बचत हुनेछ।

### २९ वर्षीय राजेश ...

अन्तर्वार्ता दिएँ। त्यसपछि सुब्बाको फाराम भरेर लोकसेवा आयोगको तयारी कक्षामा ध्यान केन्द्रित गरें।

**खरिदारमा नाम निस्केपछि ...**

केही महीनापछि खरिदारको नतीजा प्रकाशित हुने क्रम शुरू भयो। मध्यमाञ्चल विकास क्षेत्रको नतीजाको प्रतीक्षासँगै कौतूहलता उच्च थियो। खुशीको त्यो क्षण कहिल्यै बिर्सन सकिदैन। रातिको नौ बज्न थालेको थियो। साथी रामविश्वास कुशवाहाको फोन आयो। मैले 'हेलो' भन्नै लाग्दा उसले हडबडाउँदै भन्यो, "अन्तिम नतीजा प्रकाशित भइसक्यो साथी, पास हुने दुईजनामा तिमी एकजना हौ, ल बधाई छ।" प्रतिउत्तरमा मैले यतिमात्र भन्न सकें, "मजाक नगर न यार !" नतीजा आफ्नै आँखाले नहेरेसम्म, मन कति बेचैन थियो, वर्णन गरेर साध्य छैन। दलित कोटामा नाम निस्केको थियो।

अँध्यारो रातमा बत्तीको झिलिमिलीसँगै काठमाडौंको आकाश हवाईजहाजको गड्गडाहटले गुञ्जायमान थियो। अकल्पनीय खुशीको त्यो क्षण प्रथमतः घरमा सुनाउन चाहन्थें। फोन लगाएँ। दुईपटक कल गरें फोन उठेन। खुशी साझा गर्न खुल्दली तीव्र थियो। तेस्रोपटक फोन गर्दा बुबाले उठाउनुभयो। मैले भनें, "गोड लागतानी बाबुजी।" बुबाले खुशी रहनु भन्ने बित्तिकै मैले "बाबुजी अन्तिम नतीजा आ गइल, हम पास हो गइनी" भनें। त्यसपछि बुबाको वचन सुस्केराको ओतमा विलीन भयो। अवरुद्ध स्वरमा बुबाले भन्नुभयो, "खुशी आ सुखी ...।" त्यसपछि बुबाले शब्द उच्चारण गर्न सक्नुभएन। बुबाको आशीर्वचन उहाँको खुशीमय सुस्केराबाट प्रकट भइरह्यो।

केही बेरपछि अवरुद्ध स्वरमा मैले भनें, "बाबुजी...माई के फोन...।" यति मात्र भन्न सकें। बुबाले आमालाई फोन दिनुभयो। आमाले एक शब्द भन्नुभयो, "बबुओ..." र रुन थाल्नुभयो। आमाको सुस्केरामा ममताको वर्षा अनुभूति गर्नु कठिन थिएन। मेरो कण्ठ, जिब्रो र ओठ खुशीको तरङ्गले कम्पन्न हुन थाल्यो। उता आमा र यता मेरो अवरुद्ध स्वर धेरै बेरपछि सामान्य अवस्थामा फर्कियो र सामान्य कुराकानीमा परिणत भयो।

२०७४ चैत १३ गते सामान्य प्रशासन सेवा समूहतर्फ खरिदार पदमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुपाल्चोकमा नियुक्त भएँ। मेरो समुदायका झन्डै ६० घरपरिवारमा म पहिलोपटक निजामती सेवामा प्रवेश गरेको थिएँ।

**विसं २०७४ मा सुब्बा**

खरिदारको जागीर मेरो अग्रपथको संवाहक बन्यो। दिनमा कर्मचारी र बाँकी समय विद्यार्थी जीवनमा थिएँ र छु। सुब्बाको तयारीमा जुटें। फलस्वरूप सुब्बाको लिखित परीक्षामा नाम निकाल्न सफल भएँ। अन्तर्वार्ता दिएँ। अन्ततः जीवनमा अर्को खुशीको क्षण आयो। मधेसी कोटामा सुब्बामा नाम निस्कियो। विसं २०७५ मा मनाङ जिल्लाको चामे गाउँपालिकामा नियुक्त भएँ।

**विसं २०७६ मा अधिकृत**

कर्मचारी समायोजनपछि मनाङबाट सरुवा भई यातायात निर्देशनालय, जनकपुर पदस्थापित भएँ। जागीरसँगै अधिकृत तहको तयारी जारी थियो। विसं २०७६ मा सामान्य प्रशासन सेवा समूहतर्फ अधिकृत छैटौं तहमा मधेसी कोटामा नाम निकाल्न सफल भएँ। त्यसमा माग पद सङ्ख्याभन्दा १० जना कम विद्यार्थी उत्तीर्ण भएका थिए। २०७६ मङ्सिर २६ गते वीरगंज महानगरपालिकामा बहाली भएर कर्तव्य निर्वाह गरिरहेको छु।

यद्यपि मेरो सङ्घर्षको पूर्णविराम अधिकृत तह होइन। म आफूलाई हाकिम होइन, विद्यार्थी ठान्छु। किनभने जागिरबाहेकको समय पढाइमा सदुपयोग गरिरहेको छु। हाल शिक्षा सङ्काय स्नातकोत्तर तथा कानून सङ्काय स्नातक द्वितीय वर्षमा अध्ययनरत छु। यससँगै उपसचिवको तयारी पनि गरिरहेको छु।

**रोचक वैवाहिक प्रसङ्ग**

विवाहको कथा पनि कम रोचक छैन। म बिएड अध्ययनरत रहँदा विवाहको प्रस्ताव आइरहेको थियो। तर म आत्मनिर्भर नभएसम्म विवाह गर्ने पक्षमा थिइनँ। पर्साको पकहामैनपुर गाउँपालिकामा पर्ने धोरेको केटीपक्ष र बुबाबीच विवाहको कुरा अघि बढिसकेको थियो।

खरिदारमा बहाली भएपश्चात् विवाहको दबाब बढ्न थाल्यो। तर म सुब्बाको तयारी गरिरहेकोले विवाह गर्न असमर्थ थिएँ। समयको गतिसँगै सुब्बामा नाम निकालें र पुनः विवाहको दबाब बढ्यो। म भने अधिकृतमा नाम ननिकालेसम्म विवाह गर्ने पक्षमा थिइनँ।

कतिपयले सरकारी जागीर भइसकेकोले केटाले अत्यधिक दाइजो माग्ने भन्दै आशङ्का गर्थे। यी कुराहरूले केटीपक्षलाई तनाव हुन्थ्यो। केटीपक्षले बुबालाई र बुबाले मलाई दबाब दिनुहुन्थ्यो। एक दिन केटीपक्षको फोन आयो। मैले भनें, "मेरो बुबाले वचन दिइसक्नुभएको छ भने कुनै पनि हालतमा अन्यथा हुँदैन। तपाईं ढुक्क हुनुहोस्। म अहिले लक्ष्यप्राप्तिको मार्गमा छु। यहाँहरूले साथ दिनुहुनेछ भन्ने अपेक्षा गर्दछु।"

अधिकृत भएको केही समयपछि २०७७ मङ्सिर २५ गते धोरे निवासी निशा रामसँग वैवाहिक सूत्रमा बाँधिए। सरकारी सेवामा प्रवेश गरेपछि वैवाहिक प्रस्तावहरू थुप्रै आए। तर म सरकारी सेवामा प्रवेश गर्नु अघिदेखि जो प्रतीक्षारत थिए, जसलाई मैले वचन दिनुभएको थियो, त्यसबाहेक मैले अन्यथा सोचिनँ।

**मेरो बुझाइमा ...**

मेरो बुझाइमा सफलता प्राप्त गर्नको लागि इमानदार र अध्ययनशील हुनु जरुरी छ। दृढ सङ्कल्प, सकारात्मक सोच, अथक प्रयास र अनुशासन आदि सफलताका आवश्यक तत्त्वहरू हुन्। त्यसैगरी, आफ्नो क्षमताको पहिचान आफैं गर्नुपर्छ र सोही बमोजिम अघि बढ्नुपर्छ। युवा उमेरमा सङ्घर्ष गरेर भविष्य उज्ज्वल पार्ने कि सुखसयलमा लिप्त भएर कष्टमय भविष्य बाँच्ने ? प्रत्येक विद्यार्थीले आफैंसँग प्रश्न गर्नुपर्छ र उत्तर खोज्नुपर्छ।



बिहीवारदेखि पर्सा जिल्लामा हुस्सु लाग्नुको साथै पश्चिमी हावा चलेर चीसो बढेको छ। चीसो बढेको कारण पोखरियाका व्यवसायीहरू पसलअगाडि आगो तापेर दिन कटाउँदै छन्। तस्वीरः धर्मेन्द्र चौरसिया

# ढिलो आएका विद्यार्थीहरू चीसोमा विद्यालयबाहिर

प्रस, पर्सागढी, ८ पुस/

जनता मावि पकडिया, बडनिहारका विद्यार्थीहरूलाई प्रार्थना समयमा नआउँदा विद्यालयबाहिर राखेर दण्डित गरिएको छ। विद्यालयका लेखापाल शिवनारायण दास थारूले प्रार्थना समयमा नआउने विद्यार्थीहरूलाई दण्डित गर्ने भनेर कक्षाकोठामा सूचना जारी गरेको र बुधवारदेखि प्रार्थना समयमा नआउने विद्यार्थीहरूलाई विद्यालयबाहिर राखेर दण्डित गर्दै आएको बताए।



विद्यालयबाहिर विद्यार्थीहरू। तस्वीरः प्रतीक

ढिलो आउने विद्यार्थीहरूलाई विद्यालय हाताबाहिर ४५ मिनेट राख्ने गरिएको छ। विद्यार्थीहरूले भने कठ्याङ्ग्रिदो जाडोमा विद्यालयको दण्डको विरोध गरेका छन्। कक्षाकोठा अगाडि नै राखेको भए पढाइ पनि हुने र दण्डित पनि हुने भन्दै उनीहरूले विद्यालयबाहिर शीतलहरको बेलामा राख्दा साना विद्यार्थीहरूलाई समस्या पर्न सक्ने बताएका छन्।

# किसानलाई बेमौसमी तरकारीखेती तालीम



तस्वीरः प्रतीक

प्रस, बिरुवागुठी, ८ पुस/

पर्सागढी नगरपालिकाको सहयोग, वडा नं ७ को सहकार्य र सृजनशील शिक्षा विकास केन्द्र प्रालिको आयोजनामा किसानहरूको लागि बेमौसमी तरकारीखेतीसम्बन्धी दुई दिने तालीम शुक्रवारदेखि शुरू भएको छ।

तालीममा प्रशिक्षक कृषि ज्ञान केन्द्र, पर्साका बाली विकास शाखा प्रमुख श्यामकिशोरप्रसाद कुर्मी र जेटिए बलिरामकुमार शुक्लले प्रशिक्षण दिइरहेका छन्। तालीममा बेमौसमी तरकारीखेतीबारे विभिन्न किसिमका सीपबारे जानकारी दिनुका साथै विभिन्न जातका तरकारीको बीउ वितरण गरिनेछ।

वडाध्यक्ष शङ्कर रायभरको अध्यक्षतामा भएको कार्यक्रममा वडा सचिव रीमा चौधरी, वडासदस्य राजेश सहनी, महाद्दीन मियाँ, चन्दा पटेल, फूलमतीदेवी राम र नेराआ विद्यालयका प्रधानाध्यापक हीरालाल साहले मन्तव्य राखेका थिए। कार्यक्रमको सञ्चालन प्रमोद यादवले गरेका थिए।

# कुखुरा फार्ममा आगलागी, पाँच लाखको क्षति

प्रस, परवानीपुर, ८ पुस/

बारा, परवानीपुर गाउँपालिका–५ नौतनमा सञ्चालित सरस्वती हाँस तथा कुखुरा फार्ममा गएराति आगलागी भएको छ। राति ८ बजेको समयमा आगलागी हुँदा तयारी कुखुरा नष्ट भएका छन्।



तस्वीरः प्रतीक

व्यक्तिगत इबीका कारण आगलागी गरिएको हुन सक्ने सञ्चालक शम्भु साह कानूले बताए। आगलागीबाट करीब चार सय तयारी कुखुरा जलेर नष्ट भइ पाँच लाख बराबरको क्षति भएको सञ्चालक कानूले बताए।







## आगो वा हिटर प्रयोगमा होशियारी अपनाऔं

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्याँस गिजरको प्रयोग नगरौं। गर्नै पर ेमा भेन्टिलेशन खुला राखौं।

**झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यानसमेत जान सक्छ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## मेयरकप टी–२० क्रिकेटः कालिकामाई फाइनलमा

दिनेश मिश्र, वीरगंज, ८ पुस/

पोखरियामा जारी मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा कालिकामाई गाउँपालिका १५८ रनको फराकिलो अन्तरको जीतसँगै फाइनलमा पुगेको छ। शुक्रवार भएको पहिलो सेमिफाइनलमा कालिकामाईले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा २५१ रन बनाएको थियो।



तस्वीरः प्रतीक

प्रतिउत्तरमा विन्ध्यवासिनी गापा १६.३ ओभरमा सबै विकेट गुमाएर ९३ रन मात्र बनाउन सक्यो। जीतसँगै कालिकामाई गापा फाइनलमा प्रवेश गरेको छ। आजको खेलको 'म्यान अफ दी म्याच' कालिकामाईका सन्नी तिवारी घोषित भए। उनले २४ बलमा ५६ रनको योगदान र दुई विकेट लिएका थिए। प्रतियोगिताको दोस्रो सेमिफाइनल आइतवार पोखरिया नगरपालिका र बहुदरमाई नगरपालिकाबीच हुने वडाध्यक्ष सियानन्द चौहानले बताए। प्रतियोगिताको फाइनल पुस ११ गते सोमवार हुनेछ।

## पोखरामा 'ओपन तथा भेट्रान' टेनिस प्रतियोगिता हुँदै

कास्की,८ पुस/रासस

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षमताका टेनिस खेलाडीको उत्पादन र टेनिस खेलको विकासको लक्ष्यसहित 'ओपन तथा भेट्रान्स' टेनिस प्रतियोगिता हुने भएको छ।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा यही पुस ११ देखि १५ गतेसम्म पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा १९औं संस्करणको सो प्रतियोगिता हुन लागेको हो।

प्रतियोगितामा सहभागिता जनाउन भारत, बेलायत र भुटानबाट समेत टेनिस खेलाडी पोखरा आउन लागेको प्रतियोगिता संयोजकसमेत रहेका सङ्घका द्वितीय उपाध्यक्ष नवीन चालिसेले आज आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

उनका अनुसार प्रतियोगिता हालसम्मकै धेरै खेलाडीको सहभागिता हुन लागेको हो। उनले भने, "यो माछापुच्छ्रे टेनिस खेलको इतिहासमा नै सर्वाधिक सहभागिता हो। यसले खेलकूदमार्फत पोखराको पर्यटन प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं।" प्रतियोगिता अन्तर्गत पुरुष तथा महिलाका एकल तथा डबल्स तथा ३५, ४५, ५५, ६५ वर्ष गरी विभिन्न उमेर समूहमा १२ इभेन्टमा प्रतिस्पर्धा हुने भएको छ। प्रतियोगितामा कुल २०३ जना खेलाडीले नाम दर्ता गरेको संयोजक चालिसेले जानकारी दिए।

प्रतियोगितामा खुला पुरुष तथा महिला एकलका विजेताले जनही रु ८० हजार र उपविजेताले नगद रु ४० हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यसैगरी, सेमिफाइनलमा पुग्नेले नगद रु १० हजारसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजक कास्की जिल्ला टेनिस सङ्घले जनाएको छ।

यसैगरी, पुरुष तथा महिला डबल्सतर्फ विजेताले नगद रु ३० हजार, उपविजेताले रु १५ हजारसहित ट्रफी र सेमिफाइनालिस्टले नगद रु दश हजार, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगितामा ३५ वर्षमाथि भेट्रान्स एकलतर्फको विजेताले नगद रु ६० हजार, उपविजेताले रु ३० हजारसहित ट्रफी तथा मेडल प्राप्त गर्नेछन् भने सेमिफाइनालिस्टले नगद रु दश हजारसहित पदक प्राप्त गर्ने र डबल्सतर्फ विजेताले नगद रु २० हजार, उपविजेताले नगद रु दश हजारसहित ट्रफ्री प्राप्त गर्नेछन्।

यसैगरी, ४५ वर्षभन्दामाथिको एकलतर्फको विजेताले नगद रु ४० हजार, उपविजेताले रु २० हजार र सेमिफाइनालिस्टले नगद रु १० हजार पुरस्कार पाउनेछन्। सोही स्पर्धाको डबल्सतर्फ विजेताले नगद रु २० हजार, उपविजेताले नगद रु १० हजार तथा सेमिफाइनालिस्टले नगद रु १० हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगिताको ५५ वर्षमाथिको एकलतर्फको विजेताले नगद रु ३० हजार, उपविजेताले रु १५ हजार, सेमिफाइनालिस्टले जनही नगद रु १० हजार प्राप्त गर्ने आयोजकले जनाएको छ। डबल्सतर्फको विजेताले रु २० हजार, उपविजेताले नगद रु १० हजार र सेमिफाइनालिस्टले जनही नगद रु १० हजारका साथमा ट्रफ्री, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगितामा ६५ वर्षमाथिको एकलतर्फ विजेताले नगद रु १५ हजार, उपविजेताले नगद रु सात हजार ५०० र सेमिफाइनलमा प्रवेश गर्नेले रु दुई हजार ५०० सहित ट्रफ्री, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्न करीब रु १६ लाख ५० हजार खर्च हुने सङ्घका कोषाध्यक्ष अनुज बाँस्तोलाले बताए। उनका अनुसार प्रतियोगितामा पुरस्कार राशिमा रु सात लाख ४० हजार खर्च हुनेछ।

# शीतलहर शुरू भयो

प्रस, सप्तरी, ८ पुस/

सप्तरी जिल्लामा शुक्रवार बिहानदेखि शीतलहर शुरू भएको छ। बाक्लो कुहिरोसँगै शीतलहर शुरू भएको हो।

शीतलहरले जनजीवन प्रभावित भएको छ। जाडोका कारण बजारमा सर्वसाधारणको चहलपहल कम देखिएको छ। चसिो बढेपछि जिल्लाका मुख्य चोकमा दाउरा बालेर आगो ताप्ने क्रम बढेको छ। बाक्लो कुहिरो तथा चीसो बढेपछि मजदूर, विपन्न तथा खुला आकाशमुनि काम गर्ने मजदूरहरू प्रभावित भएका छन्।



तापक्रम निकै तल झरेपछि गरीब तथा विपन्न वर्गका व्यक्तिहरू बढी मारमा पर्ने देखिएका छन्। अत्यधिक चीसो तथा शीतलहरका कारण बालबालिका, वृद्धवद्धाहरूमा असर देखिन शुरू भएको स्थानीयले बताएका छन्। बाक्लो हुस्सुका कारण पूर्व–पश्चिम राजमार्ग र अन्य सडकमा यातायात सञ्चालनमा समेत समस्या भएको छ।

स्थानीय कपडापसलहरूमा बाक्लो तथा तातो कपडा किन्ने ग्राहकको सङ्ख्या शुक्रवार ह्वात्तै बढेको व्यापारीहरूले बताएका छन्।

# पूर्वराजा ज्ञानेन्द्र जनकपुरधाममा

प्रस, जनकपुरधाम, ८ पुस/

पूर्वराजा ज्ञानेन्द्र शाह जनकपुरधाम आएका छन्। तीन दिने भ्रमणका लागि पूर्वराजा शाह बिहीवार साँझ जनकपुरधाम आइपुगेका हुन्।

आफैं गाडी चलाएर आएका पूर्वराजा शाह दिउँसो चार बजे जनकपुर आइपुगेको उनका समर्थक स्थानीय चन्द्रमोहन चौधरीले जानकारी दिए। उनी जनकपुरधामस्थित मिथिलायात्री निवासमा बसेका छन्। शनिवार बिहान ११ बजे जानकी मन्दिरमा पूजा आराधना गर्ने कार्यक्रम रहेको शाहका स्वकीय सचिव सागर तिमल्सिनाले बताए।

जनकपुर बसाइका क्रममा नागरिक समाजका अगुवा तथा सर्वसाधारणसँग भेटघाट गर्ने बताइएको छ। शुक्रवार साँझसम्म नागरिक अगुवा वा सर्वसाधारणसँग भेटघाट तथा छलफलको कार्यक्रम भएको छैन। उनी बसेको यात्री निवासमा राजावादीहरूको घुइँचो लागेको छ।

पूर्वराजा झापापछि जनकपुरधामको धार्मिक भ्रमणमा पुगेको स्वकीय सचिव तिमल्सिनाले जानकारी दिए।

# महिलाको शव फेला, हत्याको आशङ्का

प्रस, सिम्रौनगढ, ८ पुस/

बाराको पचरौतानजीक सीमावर्ती भारतको वनकटवा जयमूर्तिनगर र छौडादानो रेलवे ट्रेकको छेउमा आज एकजना महिलाको शव फेला परेको छ। महिलाको शव फेला परेको सूचनापछि घटनास्थलमा पुगेको जितना थाना प्रभारीको टोली, आरपिएफ र सिआरपिएफको टोलीले प्रारम्भिक अनुसन्धानबाट महिलाको हत्या भएको बताएका छन्। सुरक्षाकर्मीले महिलाको हत्या गरिएको र रेलवे ट्र्याक छेउमा ल्याएर राखिएको बताएका छन्। थप अनुसन्धानको लागि शव शल्यपरीक्षणका लागि मोतिहारी पठाइएको छ। मृतक महिलाको पहिचान खुलिसकेको छैन। शवको प्रकृति हेर्दा उनी विवाहिता रहेको अनुमान गरिएको छ।